जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

**संविधान दिवस २०८० भव्य रुपमा मनाऔं**

संविधान दिवस २०८० को अवसरमा असोज २, ३ र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं । घर तथा कार्यालयमा दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १२३ • २०८० साल आश्विन ३ गते बुधबार (20 September, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## संविधान संशोधन स्वीकार्य हुँदैन् : वरिष्ठ उपाध्यक्ष पोखरेल

**संजय कुमार यादव**

जनकपुरधाम । नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आवश्यकता पहिचान र निश्चित आधारबिना आफ्नो पार्टीलाई संविधान संशोधन स्वीकार्य नरहेको बताएका छन् ।

जनकपुरधाममा मंगलबार आयोजित 'नेपालको संविधान निर्माणमा कमरेड सुवासचन्द्र नेम्वाङ' विषयक विचार गोष्ठीमा उपाध्यक्ष पोखरेलले संविधान संशोधनको आवश्यकता पुष्टि भए एमालेले त्यसमा सहयोग गर्ने स्पष्ट पारे । "संविधान संशोधन हुन्छ तर त्यसको आवश्यकता पहिचान र औचित्य पुष्टि हुनुपर्‍यो", पोखरेलले भने-"तर आवश्यकता र आधारबिना देशलाई क्षति हुने संविधान संशोधनको कुरा नेकपा एमालेलाई स्वीकार्य हुँदैन । त्यसको पक्षमा पार्टी छैन ।"

त्यसैगरी उनले प्रदेश र स्थानीय तहको अधिकारका सवालमा नमिलेका कुरा मिलाउन भने संविधान संशोधन गर्न एमाले तयार रहेको बताए । संविधानसभा अध्यक्ष स्व. नेम्वाङले नेपाली राजनीति र संविधान निर्माणमा खेलेको भूमिकाबारे जति चर्चा गरे पनि अपूरो हुने भन्दै वरिष्ठ उपाध्यक्ष पोखरेलले तत्कालीन अवस्थामा छ सय एक जनप्रतिनिधि र भिन्न पृष्ठभूमिका राजनीतिक दललाई मिलाएर संविधान जारी गर्न नेम्वाङको अतुलनीय योगदान रहेको स्मरण गरे ।

"देशलाई अनिश्चितताको भूमरीबाट जोगाउन स्व नेम्वाङले खेलेको भूमिकाकै कारण नेपालमा गणतान्त्रिक नेपालको संविधान जारी भएको हो । नब्बे प्रतिशतभन्दा बढी संविधानसभा सदस्यलाई सहमतिमा ल्याएर संविधान निर्माणलाई अन्तिम रूप दिनुभएका नेम्वाङको निधनले नेपाली राजनीति र हाम्रो पार्टीलाई अपूरणीय क्षति भएको छ", पोखरेलले भने ।

कार्यक्रममा पार्टी सचिव एवं मधेश प्रदेश इन्चार्ज योगेश भट्टराईले स्व नेता नेम्वाङले विभिन्न पृष्ठभूमिका राजनीतिक दललाई सहमतिमा ल्याउन र संविधान जारी गर्न नदिने षड्यन्त्र परास्त गर्न खेलेको भूमिका सधैं स्मरणीय रहेको बताए ।

# कित्ताकाट खुलाउँदा मधेशमा उत्साह, अन्य ठाउँमा निराशा

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले भू-उपयोग नियमावली संशोधन गरी जग्गाको कित्ताकाट खुलाएपछि मधेश क्षेत्रमा उत्साह देखिए पनि समष्टिगत रुपमा उत्साहजनक नदेखिएको सरकारी तथ्यांकले देखाएको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभागको अनुसार भदौमा ३५ हजार ६८६ लिखत पारित भएको छ । गत आर्थिक वर्ष २०७८/७९ को भदौमा ३४ हजार ७२० वटा लिखत पारित भएको थियो । चालु आर्थिक वर्षको भदौमा कारोबार केही बढे पनि उत्साहजनक भने छैन ।

सरकारले जग्गाको कारोबारमा समस्या भएको भन्दै भू-उपयोग नियमावलीमा संशोधन गरेको थियो । त्यस यता पनि जग्गाको कारोबारमा उत्साह छैन । सरकारले नियमावली संशोधन गर्दै साउन ३२ मा राजपत्रमा प्रकाशित गरेको थियो । संशोधन नहुँदै साउनमा ३९ हजार २६३ लिखत पारित भएकोमा भदौमा गत आर्थिक वर्षको तुलनामा केही बढे पनि साउनको भन्दा घटेको छ ।

भदौ महिनामा सरकारले भूमि व्यवस्थापन तथा अभिलेख विभाग अन्तर्गतका मालपोत कार्यालयमार्फत ३ अर्ब ६९ करोड ३० लाख ३७ हजार राजस्व संकलन भएको छ । गत वर्ष भदौको तुलनामा लिखत पारित सामान्य बढ्दा राजस्व पनि केही बढेको छ । गत आर्थिक वर्षको भदौमा ३ अर्ब ५६ करोड २९ लाख ४ हजार राजस्व संकलन भएको थियो । पुँजीगत लाभकरबाट १ अर्ब ५ करोड ९१ लाख ३३ हजार राजस्व संकलन भएकोमा चालु आर्थिक वर्षको भदौमा १ अर्ब ९ करोड २९ लाख ४६ हजार पुगेको छ ।

साउनमा घरजग्गाको कारोबारबाट सरकारले करिब ३ अर्ब ५१ करोड ५५ लाख ५१ हजार रुपैयाँ राजस्व संकलन गर्दा १ अर्ब १ करोड ३१ लाख ३३ हजार पुँजीगत लाभकरबाट राजस्व संकलन भएको थियो । गत आर्थिक वर्षमा सरकारले ४१ अर्ब १५ करोड ७६ लाख रुपैयाँ राजस्व संकलन भएको थियो । यस्तै आर्थिक वर्ष २०७८/७९ मा राजस्व संकलन ५७ अर्ब ६६ करोड ९९ लाख रुपैयाँ थियो ।

गत आर्थिक वर्षको असारमा ४४ हजार ४८५ वटा लिखत पारित भएकोमा जेठमा लिखत ५५ हजार ६९ लिखत पारित भएको थियो । जेठमा गत आर्थिक वर्षकै सबैभन्दा धेरै लिखत पारित भएको हो । गत वैशाखमा ४२ हजार ४६१ र चैत महिनामा ४९ हजार १५० वटा जग्गाको लिखत पास भएको थियो । गत फागुनमा ४० हजार ७३४, माघ महिनामा ४१ हजार ८६, पुसमा ३८ हजार ८३१, मंसिरमा २९ हजार १८४, कात्तिकमा २७ हजार ९३९, असोजमा २५ हजार ७८९, भदौमा ३४ हजार ७२० र साउनमा ३३ हजार ७३४ लिखत पारित भएको थियो ।

> साउनमा घरजग्गाको कारोबारबाट सरकारले करिब ३ अर्ब ५१ करोड ५५ लाख ५१ हजार रुपैयाँ राजस्व संकलन गर्दा १ अर्ब १ करोड ३१ लाख ३३ हजार पुँजीगत लाभकरबाट राजस्व संकलन भएको थियो । गत आर्थिक वर्षमा सरकारले ४१ अर्ब १५ करोड ७६ लाख रुपैयाँ राजस्व संकलन भएको थियो । यस्तै आर्थिक वर्ष २०७८/७९ मा राजस्व संकलन ५७ अर्ब ६६ करोड ९९ लाख रुपैयाँ थियो ।

सरकारले २०७९ जेठ २३ मा जारी गरेको भू-उपयोग नियमावलीले जमिनलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र र सरकारले तोकेको अन्य क्षेत्र भनेर वर्गीकरण गर्न सक्ने व्यवस्था गरेको थियो ।

२०७९ भदौदेखि कम्तीमा स्थानीय तहभित्र कृषि र गैर कृषि जमिन नछुट्याए जग्गा कित्ताकाट नहुने व्यवस्था गरेको थियो । स्थानीय तहले भू-उपयोग परिषद्बाट जमिनको वर्गीकरण नभएर जग्गाको कित्ताकाट गर्न नपाइने भएपछि धेरै ठाउँमा जग्गाको कारोबार प्रभावित भएको थियो । जग्गाको कारोबार नहुँदा व्यवसायीले लगानी त्यसमा फसेको भन्दै जगगाको कित्ताकाट खुलाउन दबाब बढाएका थिए ।

निजी क्षेत्रले लगानी जग्गामा फस्दा व्यावसायिक वातावरण बिग्रिएको बताउँदा जग्गाको कारोबारबाट हुने राजस्व खस्किँदा सरकारी वित्तको दबाबमा रहेको सरकार पनि झस्कियो । गत साउनमा सरकारले भू-उपयोग नियमावली संशोधन गर्दै पनि गर्‍यो । संशोधन मार्फत आवासीय मात्र नभएर व्यावसायिक जग्गा पनि कित्ताकाट गर्न सक्ने व्यवस्था गर्‍यो । जग्गाको वर्गीकरण नभएपनि कित्ताकाट गर्नसक्ने १३० वर्गमिटर भन्दा सानो टुक्रा बनाउन नपाउने व्यवस्थालाई संशोधन जग्गा विकास योजनाको नक्सा स्वीकृत गराई ८० वर्गमिटरका टुक्रा बनाउनसक्ने व्यवस्था गरेको छ । तर, पनि भदौमा जग्गाको कारोबारमा उत्साह फर्किएन ।

यता, भदौमा सबैभन्दा धेरै लिखत पारित भूमिसुधार तथा मालपोत कार्यालय इनरुवाबाट भएको छ । उक्त मालपोत कार्यालयमा १ हजार ८७१ लिखत पारित भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ । भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाममा १ हजार ४०९ लिखत पारित हुँदा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा १ हजार ३९९ लिखत पारित भएको छ ।

मालपोत कार्यालय बेलवारी मोरङ्मा १ हजार ३२१ र मालपोत कार्यालय नेपालगञ्ज बाँकेमा १ हजार ११८ लिखत पारित भएको छ । मालपोत कार्यालय राजविराज, सप्तरीबाट १ हजार ८८ र मालपोत कार्यालय वीरगञ्जमा ८७० लिखत पारित भएको छ । यसपछि लगनखेल मालपोतबाट ८४० र भक्तपुर मालपोतबाट पनि ८४० वटै लिखत पारित भएको छ ।

लिखत पारितमा पूर्वी तराईका मालपोत कार्यालय अगाडि देखिए पनि राजस्व संकलनमा भने मालपात कार्यालय लगनखेल अग्रस्थानमा छ । लगनखेल मालपातबाट ४१ करोड ५६ लाख ७६ हजार राजस्व संकलन हुँदा डिल्लीबजार मालपोत कार्यालयबाट २९ करोड ३१ लाख ७१ हजार, भक्तपुर मालपोत कार्यालयबाट २६ करोड ४४ लाख ४१ हजार, मालपोत कार्यालय चावहिल काठमाण्डुबाट २५ करोड ४६ लाख ४८ हजार र मालपोत कार्यालय कलंकी काठमाण्डुबाट २३ करोड ३८ लाख २ हजार राजस्व संकलन भएको छ ।

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**


- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।



- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।



- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।



- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।



- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।



**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

**महोत्तरी गाउँपालिका**
**महोत्तरी, मधेश प्रदेश, नेपाल**

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस**

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

**सोनमा गाउँपालिका**
**सोनमा, महोत्तरी, मधेश प्रदेश, नेपाल**

# विकास कोषले पशुपति क्षेत्रभित्रको पार्किङ सम्झौता रद्द गर्यो

काठमाण्डु । पशुपति क्षेत्र विकास कोषले पशुपति क्षेत्र भित्रको सावरी साधन पार्किङ स्थलको सम्झौता रद्द गरेको छ । पशुपति क्षेत्रमा पार्किङ व्यवस्थापनको जिम्मा तत्व इन्भेस्टमेन्ट प्रालिले पाएको भएपनि सम्झौता अनुसारको काम तथा समयमै बक्यौंता रकम तीर्न नसकेका कारण उक्त सम्झौंता रद्द गरिएको विकास कोषले जनाएको छ ।

पार्किङ सम्झौता रद्द गरी उक्त पार्किङ स्थल आजबाट विकास कोषले आफ्नो मातहतमा लिएको कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार उक्त प्रालीले सवारी पार्किङ सञ्चालनवापत कोषलाई तीर्नु पर्ने पुरानो रु ४० लाख बढी रकम समयमै भुक्तान नगरेका कारण सम्झौता रद्द गरिएको हो ।

सञ्चालक परिषद्को गएको भदौ २१ गते बसेको बैठकले उक्त कम्पनीसँगको सम्झौता रद्द गर्ने निर्णय गरेको कार्यकारी निर्देशक खतिवडाले बताउनुभयो । उहाँले भन्नुभयो, "भदौ २१ गतेको सञ्चालक परिषद् बैठकले पार्किङ सम्झौता रद्द गर्ने निर्णय गरेको हो, आजदेखि हामीले उक्त पार्किङ स्थल आफ्नो जिम्मा लिएका छौं, अर्को टेन्डर प्रकृया नहुँन्जेल सम्म हाल लाई निःशुल्क पार्किङ गरिएको छ ।"

उक्त कम्पनीले पशुपति क्षेत्र भित्र रहेको सवारी पार्किङ स्थल सञ्चालन गरेवापत विकास कोषलाई मासिक रु तीन लाख ४६ हजार तीर्ने गरी सम्झौता भएको विकास कोषले जनाएको छ । उक्त कम्पनीले पुरानो बक्यौंता रकम रु ६० लाखमा केही हप्ता पहिले रु २० लाख बुझाएपनि अझै रु ४० लाख तीन बाँकी रहेको खतिवडाले जानकारी दिनुभयो । कोष र उक्त कम्पनीबीच पार्किङ व्यवस्थापनका लागि पाँच वर्षको सम्झौता भएपनि साढे दुई वर्षमा सम्झौता रद्द भएको छ ।

पशुपति क्षेत्र विकास कोषले दुई पाङ्गे सवारी साधनका लागि रु १० र चारपाङ्गे सवारीका लागि रु २५ पार्किङ शुल्क तोकेर कम्पनीसँग सम्झौता गरेको थियो । तर, कम्पनीले सो भन्दा बढी शुल्क उठाएको पाइएको आरोप छ । कम्पनीमाथि राजस्व अनुसन्धान विभागले समेत अनुसन्धान गरिरहेको कोषले जनाएको छ । रासस

# संरक्षण क्षेत्रका उपलब्धीलाई जनताको आयआर्जनसँग जोड्न जरुरी छ : मन्त्री महतो

काठमाण्डु । वन तथा वातावरण मन्त्री डा वीरेन्द्रप्रसाद महतोले वनजङ्गल तथा वन्यजन्तु संरक्षणका क्षेत्रमा नेपालले हालसम्म धेरै उपलब्धी हासिल गरिसकेकाले त्यसलाई जनताको आयआर्जनसँग जोड्नुपर्ने बताउनुभएको छ । रासससँग कुरा गर्दै उहाँले मुलुकमा हाल वनजङ्गलको क्षेत्रफल बढेर ४५ प्रतिशत पुगेको बताउनुभयो ।

"वन्यजन्तुको सङ्ख्या पनि बढेको छ । यसमा उचित व्यवस्थापन गर्न नसक्दा एकातिर मानव-वन्यजन्तु द्वन्द्व बढेको छ भने अर्कोतिर वन्यजन्तुबाट कृषकका बानीनाली सखाप हुने गरेको छ", मन्त्री महतोले भन्नुभयो । यस्तो अवस्थामा संरक्षणको क्षेत्रमा व्यवसायिक र नयाँ सोचका साथ अघि बढ्नुपर्ने तथा संरक्षण क्षेत्रका यी उपलब्धीलाई अब जनताको आर्यआर्जनसँग जोड् नुपर्ने उहाँको भनाइ थियो ।

"काठमा मुलुकलाई आत्मनिर्भर बनाउन, विकास र वातावरणबीच सन्तुलन कायम गरेर अघि बढ्नुपर्नेलगायत अभियानका साथ विभिन्न कार्ययोजना अघि बढाएका छौँ", उहाँले भन्नुभयो । वन्यजन्तुको पालन र शिकारका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा भइरहेका राम्रा र सफल अभ्यासलाई हेरेर सिक्नुपर्ने मन्त्री महतोले बताउनुभयो ।

उहाँले भन्नुभयो, "विश्वमा धेरै देशले यसरी नै मनग्य आयआर्जन गरेका छन् । हामीले पनि त्यस्तो गर्न सके यसले एकातिर आम्दानीको स्रोत पनि हुने र अर्कोतिर व्यवस्थापनमा पनि सहजता हुन्छ ।"

नेपालले बाघको सङ्ख्या बढाउन अन्तराष्ट्रियस्तरमा गरेको दोब्बरको प्रतिबद्धताभन्दा पनि बढेर झण्डै तेब्बर पुगेको अवस्थामा मन्त्री डा महतोले बाघ संरक्षणमा गरेको प्रगतिका कारण अन्तर्राष्ट्रियरुपमा नै नेपालले प्रशंसा पाएको बताउनुभयो । पछिल्लो समय यसको व्यवस्थापनमा निकै चुनौती देखिएको छ ।

"अहिले हामीले बाघलाई व्यवस्थापन गर्न सकिरहेका छैनौ । मानवसँग द्वन्द्व बढिरहेको छ । जङ्गलबाट बाघ बाहिर निस्केर गाउँबस्ती पसेको बेला बाघलाई स्थानीयले घेरेर मारेको अवस्था पनि छ । अर्कोतिर मानिसलाई आक्रमण गर्ने वा मार्ने बाघलाई हामी खोरमा राख्छौं । तर खोरको पूर्वाधार हेर्ने हो भने कहाली लाग्दो छ", मन्त्री महतो भन्नुभयो ।




पछिल्लो समय पहाडमा बाँदरले र तराईमा बँदेल, हात्तिलगायत वन्यजन्तुले बालीनालीमा गर्ने ठूलो क्षतिका कारण किसान विस्थापित हुनुपर्ने अवस्था छ । यस्तो अवस्थामा यसको रोकथामका लागि मन्त्रालयले हालै मात्र व्यवसायिकरुपमा ' वन्यजन्तुको पालन, प्रजनन तथा उपयोग सम्बन्धी मापदण्ड, २०८० ' स्वीकृत गरेको उहाँले जानकारी गराउनुभयो ।

मन्त्री डा महतोले भन्नुभयो, "विश्वमा अधिकांश मुलुकले प्रकृतिले जे स्रोत साधन दिएको छ, त्यसको अधिकतम् परिचालन गरेर समृद्धि हासिल गरेका छन् । हामीले पनि हाम्रो प्राकृतिक स्रोत साधन जलस्रोत, हिमाल, वनजङ्गल, खानी, काठलगायतको उचित व्यवस्थापन गरेर समृद्धि हासिल गर्नुपर्छ ।"

वातावरण र विकासबीच सन्तुलन कायम गरेर पूर्वाधार निर्माणमा लाग्नुपर्ने उल्लेख गर्दै उहाँले वातावरणीय प्रभाव मूल्याङ्कन अनुमतिमा सहजता कायम गर्न खोजेको बताउनुभयो । हाल मुलुकभित्रको काठ सडेर जाने र विदेशबाट वर्षेनी अर्बौं रुपैयाँको काठ आयात भइरहेको सम्बन्धमा मन्त्री डा महतोले आवश्यक कानुन संशोधन गरेर भएपनि यसलाई रोक्न लागिरहेको अवगत गराउनुभयो ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरुको २८औं सम्मेलन (कोप-२८) का लागि नेपालले तयारी तीब्र बनाएको मन्त्री डा महतोले बताउनुभयो । सम्मेलन आगामी मङ्सिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख) सम्म संयुक्त अरब इमिरेट्स (युएई) को दुबईमा हुँदैछ ।

सम्मेलनमा नेपालले जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि र नोक्सानीका लागि कोषको व्यवस्थापन, हिमाल र पर्वतीय मुद्दा, उत्सर्जन कटौती र समावेशीतालगायत सवालमा केन्द्रित भएर पूर्णतयारीका साथ आफ्नो मुद्दा उठाउने उहाँको भनाइ थियो । नेपालबाट यस सम्मेलनमा उच्चस्तरीय सहभागिता हुने भएको छ । मन्त्री डा महतोले भन्नुभयो, "सम्मेलनमा नेपालका तर्फबाट राष्ट्रपति वा प्रधानमन्त्रीको नेतृत्वमा सहभागिता हुने छ ।"

आयोजक युएईले राष्ट्रपति रामचन्द्र पौडेललाई सम्मेलनमा निमन्त्रणा गरिसकेको छ । राष्ट्रपति पौडेललाई जलवायु सम्मेलनका अवसरमा औपचारिकरूपमा सुरु हुने 'वर्ल्ड क्लाइमेट एक्सन समिट' तथा आगामी डिसेम्बर १ र २ मा आयोजना हुने युएईको ५२औं राष्ट्रिय दिवसको विशेष समारोहमा निमन्त्रणा गरिएको छ । रासस

# संविधानको रक्षा र सार्थक कार्यान्वयनको पक्षमा काम गर्नुपर्छ : उपाध्यक्ष पौडेल

सुदूरपश्चिम । नेकपा (एमाले) का उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलले नेपालको संविधानको रक्षा र यसको सार्थक कार्यान्वयनका पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभएको छ ।

संविधानसभाका अध्यक्ष स्वर्गीय सुवासचन्द्र नेम्वाङको स्मृतिमा मंगलबार धनगढीमा आयोजित 'सुवास र संविधान' विषयक प्रवचन कार्यक्रममा पौडेलले स्व सुवासको नेतृत्वदायी भूमिकाकै कारण जारी हुन सफल भएको यो संविधानको रक्षा र सार्थक कार्यान्वयनको जिम्मेवारी पनि हाम्रै काँधमा आएको बताउनुभयो ।

दुनियाँका उत्कृष्ट लोकतान्त्रिक संविधानको सूचीमा नेपालको संविधान रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यो संविधान निर्माणमा स्व नेम्वाङले खेल्नुभएको भूमिका अतुलनीय छ ।"

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले संविधान निर्माणमा नेतृत्वदायी भूमिका खेल्नुभएका सुवास आफ्नो कर्मका कारण सुवास छर्नमा सफलता पाउनुभएको व्यक्ति हुनुहुन्थ्यो भन्नुभयो ।

नेपाली कांग्रेसका नेतासमेत रहेका शाहले संविधानको मर्मलाई गाउँ बस्तीमा हामीले पुऱ्याउन सकेका छौँ/छैनौँ भन्नेमा सबैले गम्भीर हुने बेला आएको बताउँदै यसको पूर्णपालनातर्फ सबै लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेकपा (माओवादी केन्द्र) का नेता खगराज भट्टले संविधानसभाका अध्यक्ष नेम्वाङको निधनले नेपाली राजनीतिमा एकता, सहमति, मेलमिलाप र सहकार्य गर्न सक्ने नेता गुमाउनुपरेको बताउनुभयो ।

एमाले केन्द्रीय सचिव छविलाल विश्वकर्मा, नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश समितिका कार्यवाहक अध्यक्ष लोकराज अवस्थीलगायतका वक्ताले संविधान निर्माणका बेला स्व नेम्वाङले खेल्नुभएको भूमिकाबारे चर्चा गर्नुभएको थियो । रासस

# एनसेलले मनायो विभिन्न सहरहरुमा तीज कार्यक्रम

काठमाण्डु । एनसेल आजियाटा लिमिटेडले विभिन्न सहरहरुमा सांगीतिक कार्यक्रमको आयोजना गरी ठूलो उत्साह र उमंगका साथ स्थानीय समुदायसँगै हरितालिका तीज पर्व मनाएको छ । तीज कार्यक्रम कम्पनीको १८ औं वार्षिकोत्सवको ' हामी तपाईंकै लागि'भन्ने थिमका साथ आयोजना गरिएको थियो ।

तीज हिन्दु महिलाहरुले ठूलो उत्साहका साथ मनाउने नेपालको एक विशेष पर्व हो । एनसेल विशेष अवसरका खुसीहरुलाई सबैसँग साटासाट गर्न प्रतिबद्ध रहेको छ ।



एनसेलको वार्षिकोत्सव र तीज अवसरमा सोमबार एनसेलले विभिन्न चार सहरहरु सिन्धुली, महेन्द्रनगर, पोखरा र बिर्तामोडमा तीज कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमहरुमा सर्वसाधारण बाहेक विशेष गरी महिलाहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

सहभागीहरुले सांगितिक कार्यक्रमको आनन्द लिनुका साथै स्थानिय कलाकारहरुको गीत संगित प्रस्तुतिमा नाचगान गर्दै भरपुर मनोरञ्जन लिएका थिए । ग्राहकहरुको सञ्चार सेवाको आवश्यकतालाई ध्यानमा राख्दै एनसेलले कार्यक्रम आयोजना स्थलमा आफ्नो स्टल पनि राखेको थियो । स्टलबाट ग्राहकले एनसेलको सिमकार्ड, रिचार्ज कार्ड तथ अन्य सेवा, सुविधाहरु लिन सक्ने व्यवस्था रहेको थियो ।

एनसेलले आइतबार आफ्नो सेवा सञ्चालनको १८ औं वार्षिकोत्सव मनाएको हो । कम्पनीले आम नेपाली जनसमुदायलाई विश्वस्तरीय दूरसञ्चार सेवाहरू मार्फत जोड्दै प्रविधि र कनेक्टिभिटीको पहुँचले दिने लाभ १८ वर्षदेखि निरन्तर प्रदान गर्दै आएको छ । 'हामी तपाईंकै लागि 'थिम अनुरुप आफ्ना ग्राहकहरु सँग सुमधुर सम्बन्ध बढाउन प्रतिबद्ध रहेको एनसेलले जनाएको छ ।रासस

# संविधान संशोधन गर्न हतार गर्न हुन्न : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले संविधान संशोधन गर्न हतार गर्नुपर्ने अवस्था नआएको बताउनुभएको छ ।

संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको स्मृतिमा एमालेद्वारा आज आयोजित 'सुवास र संविधान' विषयक प्रवचन कार्यक्रममा उहाँले नेपाली जनताभन्दा पनि बाह्यशक्तिको चलखेल देखिएकाले तत्काल संविधान संशोधन गरिहाल्नुपर्ने अवस्था नरहेको बताउनुभयो ।

"गम्भीरताभन्दा बढी भावना, आफ्नै विचारभन्दा प्रायोजित कुरा कुराबाट दबाब दिने प्रवृत्ति र अनेक खालका बेठीक उद्देश्य देखिएकाले तत्काल समुचित ढङ्गले संविधान संशोधन गर्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्न फेरि गम्भीर रहेको छ । त्यसकारण यसका कुनै हतारो नै गरिहाल्नुपर्ने अवस्था आएको छैन", उहाँले भन्नुभयो ।

उहाँले बडो दुःखले बलिदानपूर्ण लामो सङ्घर्षपछि हामीले आफैँले निर्माण गरेको संविधान सबैले मान्नुपर्ने भनाइ राख्नुभयो । अध्यक्ष ओलीले संविधान सर्व स्वीकार्य बनोस् भनेर दुई पटक संशोधन गरिसकेको भन्दै अहिले पनि व्यावहारिक बनाउनका लागि आवश्यकअनुसार संशोधन गर्न सकिने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "संविधान कार्यान्वयनका क्रममा देखापरेका, नमिल्दा खालका, व्यवहारमा परिवर्तन आवश्यक देखिएका त्यस्ता विषय परिवर्तन गर्दै लैजानुपर्दछ ।" संविधानको विरोध गर्ने र संविधानको समर्थन गरेपछि संशोधन हुन सक्दैन भन्ने दुवै कुरा ठीक नभएको उहाँले बताउनुभयो ।

आधारभूत गुणमा कतै खोट नभएको व्यक्ति सुवास नेम्वाङ रहेको भन्दै उहाँले अवसर र जिम्मेवारी पाउँदा सफलतापूर्वक काम गरेको उल्लेख गर्नुभयो । नेम्वाङले पुनःस्थापित प्रतिनिधिसभाको सभामुखको भूमिका असाधारण खेलेको भन्दै सोही संसद्ले थुप्रै युगान्तकारी निर्णय गरेको बताउनुभयो ।

अध्यक्ष ओलीले संविधानमा निर्माणमा नेम्वाङको पदचिह्न, योगदान, दिशानिर्देशबारे पार्टीमा छलफल गर्ने बताउनुभयो ।

अध्यक्ष ओलीले सबै पार्टी मिलेर देशको समस्या समाधान गर्न एकजुट हुनुपर्ने बताउनुभयो । "आज सबै पार्टी र पक्ष मिलेर देशको समस्या समाधान गर्न एकजुट हुनुपर्ने परिस्थिति आएको छ । नत्र भने धेरै प्रकारका खतराबाट हामी जेलिने छौँ", उहाँले भन्नुभयो, "त्यसमा पनि प्रमुख राजनीतिक दलको कर्तव्य हो । साँच्चै देशप्रति प्रमुख राजनीतिक दल जिम्मेवार हुनुपर्दछ ।"

प्रमुख राजनीतिक दलहरू जमानी बसेर धेरै आन्दोलन र बलिदान भएको उल्लेख गर्दै बलिदान प्राप्त उपलब्धिलाई गुम्न दिन नहुने उहाँको भनाइ छ । उहाँले आन्दोलन र बलिदानबाट प्राप्त भएको उपलब्धिको रक्षा गर्दै अगाडि बढ्नुपर्ने बेला आएको धारणा व्यक्त गर्नुभयो । देशको भूमि, सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हितको रक्षा गर्न पनि एमाले प्रतिबद्ध रहेको बताउनुभयो ।

"देशको राष्ट्रिय हित खलबलिदिन नदिने भन्दै भावनात्मक रूपमा अरुको स्वार्थका लागि हाम्रा देशमा जनतालाई पारस्परिक घृणा फैलाउन, मारकाट मच्चाउन र हिंसा भडकाउने खालका क्रियाकलाप एमालेलाई स्वीकार्य छैन । यस्तो कार्य रोक्न एमाले अघि बढ्ने छ", उहाँले भन्नुभयो ।

अध्यक्ष ओलीले राष्ट्रिय एकताबाट मात्र देशमा शान्ति सुव्यवस्था, सुशासन र विकास हुने बताउनुभयो । उहाँले राष्ट्रिय राजनीति कसैलाई सिध्याउने प्रतिशोधमा भइरहेको भन्दै अहिलेको आवश्यकता त्यसो नभई प्राप्त गरेको उपलब्धिको रक्षा रहेको बताउनुभयो । रासस


## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन र एसएलसी र १२ को कागजात मिति २०८०/०५/०४ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : बबिता कुमारी शर्मा**
**ठेगाना : रामगोपालपुर, महोत्तरी**
**सिम्बोल नं.: २१८०६०१५**
**रजिष्ट्रेशन नं.: ६६१८०६०१५**
**मो.नं. : ९८४१७७३६४९**

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स LIC नेपाल को विमा लेख मिति २०८०/५/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : मिथिला देवी मण्डल**
**विमालेख नं.:१७००८४५५४ र २२००३३१७५**
**ठेगाना: रामगोपालपुर न.पा.-०८, महोत्तरी**
**मो.नं.९८२२०९८३२७**


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कंकट | : वाद विवादबाट बच्नु । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : धन बृद्धि सञ्चय । |
| मकर | : बौद्धिक क्षमता । |
| कूम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मनाइयो गणेश चतुर्थी पर्व



काठमाण्डु । प्रथमपूजाको अधिकार प्राप्त गर्नुभएका बिघ्नहर्ता भगवान् गणेशको पूजा आराधना गरी मंगलबार गणेश चतुर्थी पर्व मनाइएको छ।

सत्ययुगमा भाद्र शुक्ल चतुर्थीका दिन भगवान् गणेशको जन्म भएको शास्त्रीय मान्यता छ। यस अवसरमा आज उपत्यकाका अशोकविनायक, चन्द्रविनायक, सूर्यविनायक, कमलविनायक, धनगणेश, जलविनायक, कार्यविनायक, कमलादी गणेश लगायत देशभरका गणेश मन्दिरमा विशेष पूजा गरी गणेश चतुर्थी पर्व मनाइएको हो।

शिवपार्वतीका पुत्र गणेशलाई जुनसुकै धार्मिक कर्ममा अग्रपूजाको अधिकार प्राप्त छ । हरितालिका (तीजको व्रत) पारायण गरी गणेशको व्रत गर्ने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्राडा देवमणि भट्टराई बताउनुहुन्छ। यस अवसरमा आजै गणेश रथयात्रा पनि गरिने जनाइएको छ।

भाद्र शुक्ल तृतीयाका दिन सुखद् दाम्पत्य जीवन तथा सुखशान्तिको कामना गरेका वर्तालुले आज चतुर्थीका दिन जीवनमा बिघ्न नआओस् भनी कामना गर्न गणेश पूजा गर्ने विधान गणेश पुराणमा उल्लेख छ । मङ्गल चतुर्थीसमेत भनिने यो पर्व यस वर्ष मङ्गलबार नै परेको छ।

यस पर्वका अवसरमा आजका दिन नेवार समुदायले चथा पर्वका रूपमा मनाउने गर्छन्। यसवर्ष तिथिको घटबढका कारण ऋषिपञ्चमी पर्व पनि आजै परेको छ। आज गणेशको पूजा, आराधना गरेपछि आजै महिलाले खोला, नदी, ताल, तलाउमा विधिपूर्वक स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा, आराधना गर्ने गर्छन्। रासस

# आवेश र आक्रोशमा होइन, शान्तिपूर्ण र मर्यादित प्रस्तुतिले इज्जत बढाउँछ : सांसद यादव

काठमाण्डु। सप्तरी निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने सांसद दिनेशकुमार यादव सदन निममितरूपमा सञ्चालन भएको खण्डमा उपस्थितिमा देखिँदै आएको गणपूरक सत्ताको विषय स्वतः अन्त्य हुने धारणा राख्नुहुन्छ।

संविधानसभाबाट संविधान जारी भएपछि दुईपटक आमनिर्वाचन भई मुलुक अघि बढिरहेता पनि संसदीय अभ्यास भने कमजोर नै रहेको उहाँको बुझाइ छ । सांसद यादव भन्नुहुन्छ, "संसद् र संसदीय समितिका बैठकमा समयमै उपस्थित भई देश र जनता सरोकारका विषयवस्तु र विधेयकमाथि हुने छलफलमा प्रशस्त समय दिएर सांसदले काम गर्नुपर्छ, तर सबै त्यसैमा केन्द्रित भई कामजस्तो लाग्दैन।"

नेपाल विद्यार्थी सङ्घको सदस्यता प्राप्त गरी विसं २०३६ बाट राजनीतिक यात्रामा प्रवेश गर्नुभएका यादव विसं २०३७ देखि २०५२ सङ्गठनको जिल्ला सभापति, नेपाली कांग्रेसको केन्द्रीय सदस्य, पार्टीको जिल्ला सभापति हुँदै हाल पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारीमा हुनुहुन्छ।

सांसदसँग रासस संवादमा उहाँले सांसदले आफ्नो कर्तव्य र जिम्मेवारप्रति सधैँ सजग र सचेत भई सदनमा हुने छलफलमा सहभागी हुनुपर्नेमा जोड दिनुहुन्छ । विधेयकमाथि हुने छलफलका लागि जनप्रतिनिधिले गहन अध्ययन र विश्लेषणसहित प्रस्तुत हुनुपर्छ भन्दै सांसद यादवले संसद् र विषयगत समितिका बैठकलाई नियमित गरिएमा सांसद अन्यत्र नअल्मलिने अवस्थै नआउने धारणा राख्नुभयो।

सङ्घीय संसदीय लोकतान्त्रिक गणतन्त्र रहेका मुलुकहरूको अन्तर्राष्ट्रिय अभ्यास हेरेर संसद्लाई कसरी मर्यादित तुल्याएर लैजान सकिन्छ भन्नेमा ध्यान दिन आवश्यक रहेको बताउँदै उहाँ आवेग र आक्रोशमा बोल्ने नभई शान्ति र मर्यादाभित्र रही प्रस्तुत भएमा सदन र सांसदको मर्यादा बढेर जाने तर्क गर्नुहुन्छ।

दलीय व्यवस्थामा कुन दलका प्रतिनिधिबाट के भनियो र त्यसको कसरी प्रतिवाद गर्ने भन्ने भावनाले प्रेरित भएर आवेग र आक्रोशमा आई बेलाबखत सदनमा बोलेका र दिएका अभिव्यक्ति हटाउनुपर्ने अवस्था सिर्जना गरेको नेता यादवले धारणा राख्नुभयो।

उहाँले मुलुकले तीन तहका सरकारसहित सङ्घीय शासन व्यवस्थाको उच्चतम अभ्यास गरिरहेको भएता पनि सरकारबीच सहयोग र समन्वयको भावना कमजोर देखिएको विचार प्रकट गर्नुभयो।

उहाँ भन्नुहुन्छ, "सरकारबीच सहयोग र समन्वयको ठूलो अभाव छ। सुरुआती दिनमा सिंहदरबारलाई गाउँमा कसरी पुर्याउने भन्ने चुनौती थियो, तर पुग्यो । अहिले तीन तहका सरकारबीच राम्रो सम्बन्ध छैन । यदि सङ्घीयतालाई व्यवस्थित तुल्याएर जान नसक्ने हो भने यस्तो प्रवृत्तिले विकृतिमात्रै दिन्छ।"

देशका प्रमुख शक्तिले जनताको कल्याणका लागि भनी राजनीतिक परिवर्तनको आन्दोलनको आह्वान गरेकामा जनताले त्यसलाई पूर्ण साथ र सहयोग प्रदान गरेको घटना स्मरण गराउँदै उहाँले कृषकलाई सिँचाइ, समयमै मलखाद तथा पढाइ सकेर बसेका छोराछोरीका लागि रोजगारको सुनिश्चित आवश्यक रहेको बताउनुभयो।

विगतमा जस्तो गरिब श्रम र घुमघामका जाने परिस्थितिमा परिवर्तन आएको बताउँदै सांसद यादवले रोजगारी, खेतीपातीलगायत अरु कयौं प्राविधिक कारणले समेत विदेश पलायन हुन बाध्य पारेको उल्लेख गर्नुभयो।

नेता यादवले भन्नुभयो, "राजनीतिक अस्थिरता, देशमा भविष्य र सम्भावना नदेखेका कारण हुनसक्छ अहिले सबै स्तरका मानिस विदेश गएको देखिन्छ, सरकारले नीतिगतरूपमा आफ्नै देशमा रोजगार सिर्जना गर्न सकेन भने केही वर्ष त रेमिट्यान्स बढ्ला तर त्यो देशका लागि हितकर नहुन सक्छ।"

अन्नको भण्डार भनिएको तराई मधेसमा सिँचाइ र रासायनिक मल उद्योग स्थापना गरी अरु सुविधासमेत पुर्याएर कृषकलाई प्रोत्साहन गर्न आवश्यक रहेको बताउँदै उहाँले पर्यटन, विद्युत् विकास देशको आर्थिक वृद्धिदर हासिल गर्न सकिन्छ भन्ने सन्देश दिन सक्नुपर्छ भन्नुभयो।

संविधानसभाबाट संविधान जारी भएपछि दुईपटक आमनिर्वाचन भई संसद् गठन भएर सञ्चालन भइरहेको छ। उहाँले भन्नुभयो, "कहिले कुनै घटना, कहिले कुनै विधेयक त कहिले अरु कुनै विषयवस्तुका कारण सत्तापक्ष र प्रतिपक्षबीचको अविश्वासले पटक-पटक सदन अवरुद्ध हुँदा जनतामा निराशा पैदा भएको छ, दलहरूबाट अब त्यस्तो हुन दिन्नौँ भन्ने प्रतिबद्धता आवश्यक छ।"

लामो समयसम्म सदन अवरुद्ध हुने, सदन कहिले चल्छ भन्ने सुनिश्चित नहुने तथा सदन छाडेर बाहिर जान पनि नमिल्ने अवस्थाले आफूहरू चुनाव जितेको यतिका अवधि बितिसक्दासमेत जनताको घरदैलोमा पुग्न नपाएको गुनासो गर्नुभयो।

सांसद यादवले भन्नुभयो, "चुनावमा जसले भोट दियो, सहयोग गर्यो त्यसका घरमा पनि छिर्न पाएको छैन। विधेयकमाथि काम गर्न पनि अवसर मिलेको छैन। सबै जनप्रतिनिधिले संसद्को मर्यादालाई बढाएरै लैजानुपर्छ भन्ने मेरो धारणा छ।" रासस

# राजेन्द्र महतो किन ओझेलका पात्र बनेका छन् ?

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोका पछिल्ला दुईवटा माग थिए- एक, जन्मसिद्ध नागरिकका सन्तानले वंशजका आधारमा नेपाली नागरिकता पाउनुपर्छ । दुई, टीकापुर घटनामा मुख्य अभियुक्त बनाइएका रेशम चौधरी बिना सर्त रिहा गर्नुपर्छ।

महतोले पछिल्ला दिनमा यी दुई माग पटकपटक उठाउँदै आएका थिए। नयाँ नागरिकता ऐनसँगै जन्मसिद्ध नागरिकका सन्तानले वंशजको नागरिकता पाउने व्यवस्था भयो । अनि, सत्ता गठबन्धन सरकारले चौधरीलाई आममाफी पनि दियो।

सामान्यतः राजनीतिमा नेताले उठाएका एजेन्डा पूरा भए स्थापित र चर्चा हुन्छ। तर, महतोको दुर्भाग्य, उनी यतिबेला राजनीतिमा ओझेलका पात्र बनेका छन्। त्यति मात्र नभएर जेलबाट निस्केका तिनै चौधरी झण्डै तीन महिनासम्म महतोलाई भेट्न गएनन्।

लोसपाको वरिष्ठ नेता रहेका महतो २०७९ मंसिरको चुनावमा पराजित भएसँगै उनी गुमनाम हुन थाले। महेन्द्र राय यादवसँग सर्लाही २ मा पराजित महतो २०८० वैशाखमा बाराको उपचुनावमा उम्मेदवार हुने प्रयास गरेका थिए । तर, सत्ता गठबन्धनको उम्मेदवार हुने सम्भावना नभएपछि उपेन्द्र यादवलाई छोड्नुपर्ने बाध्यतामा परे । २०७४ को चुनावमा कांग्रेसका प्रभावशाली नेता विमलेन्द्र निधिलाई धनुषा ३ मा पराजित गरेर महतोले केन्द्रमा प्रभाव विस्तार गरेका थिए।

२०४७ पछि निरन्तर महतोको क्रेज त्यतिबेलासम्म कायम रहेको देखिन्छ। तर, पछिल्ला दिनमा उनको क्रेज मात्र होइन, प्रभाव पनि फितलो बन्दै गएको छ। पार्टीभित्र भूमिका कमजोर मात्र भइरहेको छैन, युवा नेताहरूले उपादेयतामा प्रश्न उठाउन थालेका छन्।

२०४७ पछि तत्कालीन नेता गजेन्द्रनारायण सिंहको साथ लागेर मधेश राजनीतिमा ओर्लिएका महतोको प्रभाव मधेशमा २२ वटै जिल्लामा पुगेको थियो । त्यही सांगठनिक बलमा सिंहको सद्भावना पार्टीको विरासत महतोले धानेका थिए।

सद्भावना पार्टी आधा दर्जनपटक विभाजित हुँदा पनि महतोले नेतृत्व गरेको पार्टी नै अगाडि थियो । मधेशका २२ जिल्लाका वडासम्म संगठन बनाउने मधेश केन्द्रित पार्टीमा महतोको सद्भावना पार्टी नै थियो।


संगठन बनाएका तत्कालीन नेपाल सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो २०७९ साल मंसिरको निर्वाचनमा सर्लाही २ बाट आफ्नै पूर्वसहकर्मी महेन्द्र राय यादवसँग पराजित भएदेखि उनको भूमिका छायामा परेको छ । २०४६ सालपछि तत्कालीन नेपाल सद्भावना पार्टीबाट राजनीतिक यात्रा थालेका महतो २०४८ सालदेखि चुनावी प्रतिस्पर्धामा सामेल हुँदै आएका छन्।

यद्यपि उनले २०५६, २०६४ र २०७४ मा गरी तीन चुनाव मात्रै जित हासिल गरेका थिए। तीनपटक निर्वाचित भए पनि मन्त्री भने पाँचपटक भए। २०६४ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा वाणिज्य तथा आपूर्तिमन्त्री, २०६५ सालमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा वाणिज्य तथा आपूर्तिमन्त्री र २०६६ सालमा माधवकुमार नेपाल नेतृत्वको सरकारमा वाणिज्य तथा आपूर्ति मन्त्री बने।

त्यस्तै, २०६८ सालमा बाबुराम नेतृत्वको सरकारमा स्वास्थ्य तथा जनसंख्या मन्त्री भएका महतो संसद विघटनपछि २०७८ मा केपी ओली नेतृत्वको सरकारमा १३ दिने उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री बने।

गजेन्द्रनारायण सिंहको निधनसँगै सद्भावनामा विग्रह आइलाग्यो। सद्भावना विग्रहमा परिणत हुँदा चारपटक विभाजित भइदियो। नेतापिच्छेको पार्टी फुटाउने प्रयास भएका थिए । त्यसरी फुटेकामध्ये महतोको समूह नै बलियो थियो। त्यही कारण तीनवटा समूहलाई मिलाएर २०७० को दोस्रो संविधानसभाको निर्वाचनमा प्रत्यक्षमा १ र समानुपातिकमा छवटा सिट हात लाग्यो। पहिलो संविधानसभामा मधेशवादी दलहरूमध्ये उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम प्रत्यक्षमा ३०, समानुपातिकमा २२ र मनोनीत २ गरी ५४ सिटले पहिलो र समग्रमा चौथो पार्टी बनेको थियो।

त्यसैगरी, तत्कालीन महन्थ ठाकुर नेतृत्वको तमलोपा प्रत्यक्ष ९, समानुपातिकमा ११ र मनोनीत १ गरी २२ सिट, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी ९ र नेपाल सद्भावना पार्टीले ३ सिट ल्याएका थिए। मधेश केन्द्रित



दलमध्ये तेस्रो ठूलो दल थियो महतो नेतृत्वको सद्भावना। तर, २०७० सालमा दोस्रो संविधानसभाको निर्वाचनमा मधेश केन्द्रित दलहरू निकै कमजोर अवस्थामा पुगे।

यसरी मधेश केन्द्रित दलहरू कमजोर भएपछि टुक्राटुक्रामा रहेका मधेश केन्द्रित दल मिलेर चुनावमा जानुपर्ने मनोविज्ञान सिर्जना भएको थियो । त्यसैको प्रभावमा २०७४ को चुनावमा महन्थ ठाकुर नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, अनिल झा नेतृत्वको नेपाल सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) र शरतसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टीबीच ११ वैशाख २०७४ सालमा एकता गरेर राष्ट्रिय जनता दल पार्टी (राजपा) गठन गरे।

२०७४ सालमा राजपाले अपेक्षाकृत मत नल्याए पनि सन्तोषकजनक मत भने ल्याएका थिए। राजपासम्मको यात्रामा महतोको राजनीतिक ग्राफ उच्च नै थियो । २०७४ को चुनावमा छवटा दल मिलेको राजपामा महतो निकट नेताहरू बढी निर्वाचित थिए, त्यसले निर्णय प्रक्रियामा महतोलाई बलियो बनाएको थियो । त्यही बीचमा राजपा र तत्कालीन संघीय समाजवादी पार्टीले एकता गरी जनता समाजवादी पार्टीको गठन गरे। जसपा निर्माणसँगै महतोको राजनीतिक रूपमा कमजोर बन्न थालेको जानकारहरू बताउँछन्।

केपी ओलीको संसद विघटनको पक्षमा लागेर मन्त्री हुन गएका महतोले १३ दिने उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री भए, त्यसले उनको राजनीतिक करिअरमा थप प्रश्न उठाइदियो।

महतोलाई नजिकबाट नियालेकाहरू पछिल्लोपटक राजपासँग मिलेर जसपा बनाउँदा महतोले पहिलो गल्ती गरे र जसपालाई फुटाएर ओली नेतृत्वको सरकारमा सहभागी भएर दोस्रो गल्ती गरेको ठान्छन्। त्यसअघि २०७२ मा जारी संविधानको विरोधमा ६ महिनाभन्दा बढी आन्दोलनको नेतृत्व गरेका महतोसहितका नेताहरू त्यही संविधानका आधारमा भएको चुनावमा सहभागी हुन आए।

उनीहरूको आन्दोलनको मक्सद नै त्यो निर्णयले धुलिसात बनाइदिएको थियो । मधेश आन्दोलनका शहीदका परिवारजनलाई ५० लाख रुपैयाँ दिने भनेर नागरिकलाई उचाल्ने हचुवा अभिव्यक्तिबाट पनि आलोचित बनाइराख्यो । जबकि तीनवटा मधेश आन्दोलनमा १ सय २३ जनाको मृत्यु भयो । मधेश आन्दोलनका शहीद परिवारले राहत नपाएको गुनासो गर्दै आएका छन्। महतोले भनेजस्तै शहीदका परिवारले ५० लाख पाउनुपर्ने दाबी गर्दै आएका छन्। संविधानको विरोधमा भएको लामो आन्दोलन पनि बिना कुनै ठोस सहमति मत्थर हुनुमा नेता महतोको दोष रहेको जानकारहरू बताउँछन्।

३ असोज २०७२ मा जारी संविधानविरुद्ध आन्दोलन गरिरहेका महतो महिना दिन नपुग्दै १९ असोजको प्रधानमन्त्री चुनावमा सुशील कोइरालालाई भोट हाल्न आउनु उनको राजनीतिक अडान र नैतिकतामा प्रश्न उठाउने निर्णय थियो।

२०७२ को मधेश आन्दोलनका क्रममा केपी ओलीका चर्को आलोचक महतोले एक्कासि काठमाडौंमा ओलीलाई भेटेपछि आन्दोलन मात्र मत्थर भएन, राजनीतिक समीकरण नै परिवर्तन भयो। ओली र महतोबीच वास्तविक के संवाद भएर उक्त आन्दोलन मत्थर भयो भनेर अहिलेसम्म स्पष्ट हुन नसकेको राजनीतिक विश्लेषक रोशन जनकपुरीको भनाइ छ।

राजनीतिक विश्लेषक जनकपुरी भन्छन्, 'महतोजीले लामो समयदेखि राजनीति गरे पनि कुनै खास ठाउँमा आफ्नो जनाधार बनाउन सक्नुभएन। त्यसकारण कहिले सर्लाही, कहिले धनुषामा गएर चुनाव लड्ने गर्नुहुन्छ। यो उहाँको ठुलो कमजोरी हो।'

राजेन्द्र महतोसँग नजिक भएर लामो समय काम गरेका तत्कालीन नेपाल सद्भावना पार्टीका महासचिव मनिष सुमन नेता महतोका दुईवटा राजनीतिक निर्णयमै प्रश्न उठाउँछन् । सुमन तत्कालीन सद्भावना पार्टीलाई राजपामा मिलाउनु र जसपाबाट अलग भइ लोसपा बनाउनु महतोको गल्ती भएको विश्लेषण गर्छन् । उनी भन्छन्, 'राजपा बनाउँदा मैले पनि प्रश्न गरेको थिएँ र जसपा टुर्क्याउँदा पनि रोक्ने प्रयास गरेको थिएँ । तर, कसैको उक्साहटमा परेर उहाँले हाम्रो कुरा सुन्नु नै भएन। उहाँजस्तो नेता ओझेलमा पर्नु उदेकलाग्दो कुरा हो।'

सुमन भन्छन्, 'महतो मधेश बुझेका नेता हुनुहुन्छ, मधेशका बारेमा अध्ययन छ, त्यसैले अझै केही बिग्रेको छैन, अवसरहरू धेरै छन्, जसपाको छाताको छहारीमा आएर अगाडि बढ्नुस्।'

मैथिलीमा एउटा भनाइ 'घर फुटे गवार लुटे'। राजेन्द्र महतोको हकमा यो भनाइ चरितार्थ हुन्छ । जसपासँग अलग हुँदा महतोको विश्वासिलो मानिएका अधिकांश पात्रले जसपालाई रोजे । लगातार तीनपटकको चुनावी प्रतिस्पर्धामा हारेर राजनीति नै त्याग गर्ने मनसायमा पुगेका मृगेन्द्र सिंह यादवलाई महतोकै पहलमा २०७४ सालको निर्वाचनमा टिकट दिलाए, अनि जिते पनि । उनी जसपा विभाजित हुँदा महतोलाई छोडेर उपेन्द्रसँगै बसे । अहिले उनी जसपाका मधेश प्रदेश इन्चार्ज र पार्टीका कार्यकारिणी समिति सदस्य हुन् । लामो समय नेपाली कांग्रेसको ब्यानरमा राजनीति गरे पनि कांग्रेसबाट विरक्तिएका लालकिशोर साहलाई राजेन्द्र महतोले जनकपुरधाम उपमहानरपालिकाको मेयरको टिकट दिएर जिताए । तर, उनी अहिले महतोलाई छोडेर जसपातिर लागेका छन्। टीकापुर घटनाको मुख्य अभियुक्त बनाएपछि फरार अवस्थामा रहेका पश्चिमका रेशम चौधरीलाई कुनै पार्टीले टिकट नदिइरहेको अवस्थामा महतोले नै उनलाई राजपाको टिकट दिलाए। फरार अवस्थामै उनी २०७४ सालको चुनावमा निर्वाचित भए। महतोको विश्वासिलो पात्रमध्येका एक रहेका मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पनि पार्टी विभाजन हुँदा महतोलाई छोडेर जसपालाई रोजे, त्यतिबेला सभामुख रहेका यादव अहिले जसपाबाट मुख्यमन्त्री भएका छन्।

महतोको विश्वासपात्रको रूपमा राजपाका तत्कालीन महासचिव मनिष सुमन र महतोका भतिजा तथा प्रदेश सांसद उपेन्द्र महतो चिनिन्थे। उपेन्द्रले साथ नछोडे पनि सुमनले साथ छोडिसकेका छन्। पूर्वप्रदेश सांसद सप्तरी निवासी विक्की यादवले छोडे । तत्कालीन राजपाका उपाध्यक्ष नवलकिशोर साह प्रदेशमा मन्त्री बनिरहन महतोको साथ छोडेर उपेन्द्रलाई रोजे । राजपा निर्माण हुनुअघि महतोले नेतृत्व गरेको तत्कालीन सद्भावना पार्टीका नेताहरूमध्ये अहिले अधिकांशले महतोको साथ छोडिसकेका छन्।

तत्कालीन सद्भावनाका शीर्ष नेतामध्येका लक्ष्मणलाल कर्ण मात्र अहिले महतोसँग छन्। आफ्ना विश्वासिला नेता तथा कार्यकर्ताले छोडेर गएपछि पार्टीभित्र कमजोर बनेको उनी निकट नेताहरू बताउँछन्। महतोको निकट मानिएकाहरू टाढिनुमा महतोका ज्वाइँ अनिल महासेठलाई पनि कारण मानिन्छ । महतोको निर्णयमा सधैँ महासेठ हावी हुने भएकाले पनि कतिपय नेताहरू महतोको साथ छोडेर अर्को पार्टीमा गएको लोसपाका एक नेताले बताए।

तत्कालीन सद्भावनाका सहकर्मीमध्ये अधिकांशले जसपा नै रोजेपछि महतो लोसपामा कमजोर छन्। महतो निकटको भनाइमा चाहिँ थप कमजोर बनाउन लोसपाभित्र पनि षड्यन्त्रहरू भइरहे। लोसपाभित्र महतोलाई कमजोर बनाउने षड्यन्त्रकै रूपमा लिन्छन् २०७९ को चुनावी तालमेल । महतो खासमा धनुषा ३ मै चुनाव लड्न चाहन्थे। २०७४ मा कांग्रेसका प्रभावशाली नेता निधिलाई पराजित गरेका कारण उनको आधार पनि बलियो बन्दै थियो। तर, पार्टीले उनलाई सर्लाही पठाइदियो।

महतोका लागि सत्ता गठबन्धनमा सहमति जुटाइएन। धनुषा छोडेर सर्लाही क्षेत्र २ बाट उम्मेदवार बन्ने निश्चित भएपछि सत्ता गठबन्धनकै अर्का नेतासँग मित्रवत् प्रतिस्पर्धा गर्न सहमति जनाइयो। महतो उम्मेदवारी साता दिनपछि सत्ता गठबन्धन दलबाट विज्ञप्ति जारी हुँदा सो क्षेत्रको आधिकारिक उम्मेदवार महेन्द्रराय यादव भनियो, त्यसमा लोसपाका अध्यक्ष महन्थ ठाकुरको पनि हस्ताक्षर थियो। यी दुवै परिस्थिति महतो कमजोर बनाउने रणनीतिसँग जोडिएका थिए। महतोनिकट एक नेता भन्छन्, 'महतोलाई पराजित गर्न पार्टीभित्रैबाट ठूलो षड्यन्त्र थियो।'

२०७९ सालको चुनावमा गठबन्धनका नाममा महतो निकट रहेकाहरूलाई टिकटबाट वञ्चित गरियो भने टिकट पाएकाहरूलाई हराउन पनि पार्टीभित्रैबाट विभिन्न षड्यन्त्र भएको महतो निकट नेताहरूको दाबी छ । महतो निकट मानिएका महोत्तरीकी नेतृ सुरिता साहलाई गठबन्धनको नाममा उम्मेदवार हुनबाट रोकियो। जबकि उनी २०७४ को प्रदेशसभा चुनावमा प्रत्यक्षमा निर्वाचित दुई जना महिलामध्ये एक थिइन् । साह स्वतन्त्र उम्मेदवारी दिएर प्रदेशसभामा निर्वाचित भइन्। निर्वाचित भएपश्चात् पनि पार्टीले उनलाई फर्काउन कुनै प्रयास गरेन। जसपामा प्रवेश गरेर अहिले उनी प्रदेश सरकारको बिनाविभागीय मन्त्री छिन्।

महतोनिकट रहेका सञ्जय सिंहले प्रदेशसभा चुनावका लागि धनुषा निर्वाचन क्षेत्र नम्बर १ को क बाट तयारी गरेका थिए। तर, पार्टीले उक्त निर्वाचन क्षेत्र चुनावी गठबन्धन दल कांग्रेसलाई दिएर सिंहलाई निर्वाचन क्षेत्र नम्बर १ को ख को उम्मेदवार बनायो, जनाधारबिनाको उम्मेदवारीका कारण सिंह पराजित भए।

महतो निकट पूर्वप्रदेश सांसद गौरीनारायण साह पनि त्यही घानमा परेका छन्। उनले योपटक पार्टीबाट टिकट नै पाएनन्। महतोका भतिजा उपेन्द्र महतोको क्षेत्रमा सत्ता गठबन्धन कांग्रेसले बागी उम्मेदवार उठाउँदा महन्थ ठाकुरले गठबन्धनभित्र आवाज उठाउन सकेनन् । महतोनिकट नेताहरूको भनाइमा तत्कालीन सद्भावना पार्टीका अधिकांश सहकर्मी साथ छोडेर कमजोर भएका महतोलाई पार्टीभित्रैबाट झन् कमजोर बनाउने षड्यन्त्र भएको छ।

लोसपाको धनुषा इन्चार्ज परमेश्वर साह चाहिँ महतो अझै पार्टीको वरिष्ठ नेता रहेकोले कमजोर अवस्थामा नपुगेको दाबी गर्छन् । साह भन्छन्, 'चुनाव हारेपछि जोकोहीको केही दिन मोरल डाउन हुनु स्वाभाविक हो,तर उहाँ अझै पनि पार्टीको विभिन्न कार्यक्रममा जानुहुन्छ। त्यसमा कुनै समस्या छैन। पार्टीमा गुटउगुट हुन्छ नै, तर पनि उहाँ पार्टीको वरिष्ठ नै हो।'


महतो बलियो भए पार्टी नै कब्जा गर्ने थ्रेट अध्यक्ष महन्थ ठाकुरले महसुस गरिरहेका छन् । त्यस कारण ठाकुरले उनलाई जिम्मेवारी दिन हिचकिचाउने गरेका छन्। जसपाबाट अलग भएको दुई वर्षभन्दा बढी भइसक्दा पनि अध्यक्ष ठाकुरले पार्टीको जिल्ला कमिटी, भ्रातृ संगठन तथा पार्टीको विधान बनाउन सकेका छैनन्।

पार्टीका शीर्ष नेताहरू मौन बस्दा नेता तथा कार्यकर्ता अन्य पार्टीमा प्रवेश गरिरहेका छन् । तर, ठाकुरले पार्टीको संगठन विस्तार तथा संगठन सुदृढीकरणमा ध्यान दिन सकेका छैनन्। बुढेसकाल लागेर शारीरिक हिसाबले कमजोर भएका ठाकुरले पार्टी संगठन विस्तारको जिम्मेवारी न महतो, अनिल झा तथा न त मन्त्री शरतसिंह भण्डारीलाई नै दिन चाहेका छन् । संगठन बनाउन कला जानेका महतोलाई दिएको खण्डमा पार्टीको राम्रो संगठन हुन सक्थ्यो।

लोसपाका एक नेताले भने, 'तर, महतोले संगठन बनाएको खण्डमा आफ्नो मान्छेलाई दिएर भोलि पार्टी नै कब्जा गर्ने हो कि भने आशंकाले दिन चाहेका छैनन्।' लोसपाका एक नेताका अनुसार अध्यक्ष ठाकुरले पार्टीबाहिरबाट आफ्ना उत्तराधिकारी बनाउने दाउमा रहेका छन्। विगतमा परिवारवादको आरोप खेप्दै आएका अध्यक्ष ठाकुर पछिल्लो समय आफ्नी एक्ली छोरी डा. मिनाक्षी झालाई राजनीतिमा सक्रिय गराएका छन्।

महतो अन्य मधेशी नेताहरूझैँ परिवारवादमा हावी भएका थिए । २०७० मा पार्टीले समानुपातिकमा राम्रो सिट ल्याएपछि महन्थ ठाकुरले आफ्नी सम्धिनी इन्द्रा झा, राजेन्द्र महतोले पत्नी शैलीदेवी महतोलाई र अनिल झाले आफ्नी पत्नी डा. डिम्पल झालाई सांसद बनाएका थिए । त्यसो त, त्यतिबेला राजकिशोर यादवले पत्नी सरिता यादव र शरतसिंह भण्डारीले निर्जला राउतलाई समानुपातिक सांसद बनाएका थिए।

आफ्नै परिवारलाई सांसद बनाएपछि महतो आलोचित भएका थिए । उक्त आलोचना मत्थर नहुँदै मधेश प्रदेशसभामा तत्कालीन सभामुख सरोजकुमार यादवलाई दबाब दिएर ज्वाइँ अनिल महासेठलाई प्रदेशसभामा राजनीतिक सल्लाहकार नियुक्त गराएका थिए।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### संविधानप्रतिको असन्तुष्टि सम्बोधन गर

सरकारले तीन दिन सम्म संविधान दिवस मनाइ रहेकै बेला संविधानमा आफ्नो हक, अधिकार, पहिचान नसमेटेको भन्दै असन्तुष्टहरुले विरोध गर्ने भएको छ । असोज ३ लाई कालो दिवसको रुपमा मनाउँदै आएका सत्तारुढ दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संगै राप्रपा र राप्रपा नेपालले समेत विरोधका कार्यक्रमहरु गर्न लागेका छन् । संविधानले जनतालाई धेरै कुरा दिए पनि धेरैलाई सम्वोधन गर्न नसकेको अवस्था छ । सरकारले उपेक्षित, उत्पीडितहरुको कुरालाई पनि कसरी सम्वोधन गर्न सकिन्छ त्यस तिर ध्यान भने दिन सकेको छैन् । २०७२ असोज ३ गते संविधान जारी भएको दिन देखि आज सम्म आन्दोलन गर्दै आइ रहेका विभिन्न राजनीतिक दलहरु टाउको गणनामा कम भएपछि सधै भरि सत्ता सञ्चालन गर्दै आइरहेकाहरु भने उनीहरुको कुरालाई अटेर गरेका छन् । संसदमा कम उपस्थितिले उनीहरुको आवाज बलियो नहुनुले माग समेत सम्वोधन हुन सकेको छैन् । संविधान जारी हुँदा मधेशमा गोली चलाइएको थियो । मधेशी युवाको टाउकोमा गोली हानिएको थियो । जहाँ अन्य ठाउँमा दीपावली मनाइएको थियो त्यहि मधेशमा राजनीतिक दलहरुले व्लेक आउट गरेर विरोध जनाएका थिए । भौगोलिक रुपमा तीन खण्डमा विभाजित भएका मुलुकको हरेक बर्ग, समुदायको हक अधिकार, पहिचान र आत्मसम्मान संविधानमा समेटिनुपर्ने हुन्छ तर, त्यो भएन । भन्नकालागि नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र लगायतका केही दलहरु संविधान संसोधन हुनुपर्छ भनि जनताको बीचमा भन्ने गरेका छन् तर, संसोधनको ‘स’ अक्षर संसदमा बोल्दैन् । जसका कारण अधिकारविहीन मधेशी, आदिवासी, जनजाति, दलित, अल्पसंख्यक लगायतका बर्गहरु अहिले पनि आफ्ना अधिकार, पहिचानबाट बञ्चित भएका छन् । संविधान संसोधन गरी मुलुकमा बसोबास गर्ने हरेक नागरिकलाई मुलुक र संविधान आफ्नो हो र यसकालागि जे पनि गर्न सक्ने उत्साह थप्नुपर्ने राजनीतिक दलहरुको उत्तरदायित्व हो ।

# तेइस वर्षदेखि वाटिकामा उभिरहेछन् लौहपुरुष गणेशमान

रमेश गिरी

सूर्यविनायक नगरपालिका-५ कटुञ्जेस्थित सुवर्णेश्वर महादेव मन्दिर क्षेत्रमा रहेको जङ्गलको पूर्वपट्टिको छेउमा सुन्दर बगैँचासहितको बाटिका छ । नजिकै सानो पालेघर । वाटिकाको बीचमा २३ वर्षदेखि लौरो टेकेर ठिङ्ग उभिरहेका लौह पुरुष, प्रजातन्त्र सेनानी स्व गणेशमान सिंहको पूर्णकदको सालिक । हो यही सालिक आज स्व सिंहको पुण्यतिथि एवं २६औं स्मृति दिवसका अवसरमा राष्ट्रपति अनावरण गर्ने भएपछि बल्ल ठडिएको सालिकले पूर्णता पाउने भएको छ ।

सो सालिक एक हजार दुई किलो ढलोट प्रयोग गरी निर्माण गरिएको १२ फिट अग्लो रहेको छ । २०५४ सालमा स्थापना भएको गणेशमान सिंह स्मृति वाटिका तथा प्रतिभा स्थापना संरक्षण समितिले बृहत् गुरुयोजनासहित तयार पारेको वाटिकाका अझै कयौ संरचनाले पूर्णता पाउन बाँकी नै छ । तत्कालीन कटुन्जे गाविसको सिफारिसमा तत्कालीन राजा वीरेन्द्रको पालामा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री र वामदेव गौतम उपप्रधानमन्त्री हुँदा मन्त्रिपरिषद् बैठकले पारित गरी वाटिका स्थापना गर्न समितिका नाममा जग्गा उपलब्ध गरिएको थियो । कित्ता नं. ४२१ को १४८ रोपनी पाँच आना जग्गामा गणेशमानको सालिक र वाटिका निर्माण भएको हो ।

तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले २०५४ सालमा वाटिकाको शिलान्यास गर्नु भएपछि ०५५ मा समितिले आफ्नो कार्यालय भवन निर्माण गरेको समितिका अध्यक्ष एवं वरिष्ठ पत्रकार माथवर सिंह बस्नेतले जानकारी दिनुभयो । २०७२ कात्तिक २४ गते वाटिकामा गणेशमान सिंहको प्रतिमा अनावरण गर्ने लक्ष्यका साथ सुरु भई २०५७ मा नै करिब रु. एक करोडको लागतमा स्व. सिंहको पूर्णकदको सालिक निर्माण सम्पन्न भए पनि अनावरण हुन नसक्दा वाटिका र सालिक अलपत्र जस्तै बनेको थियो ।

समितिले त्यस क्षेत्रमा अन्तर र्षिट्रयस्तरको उद्यान, बहुउद्देश्यीय भवन, प्रजातान्त्रिक जनआन्दोलनका योद्धाहरूको जीवनी झल्किने सङ्ग्रहालय, दृश्यावलोकन स्तम्भ (भ्यु टावर), वनभोज स्थल, आधुनिक बगैंचा, बालबालिका उद्यान, अतिथि गृह, चमेना गृह, रोपवे तथा पर्यटकीय गन्तव्य बनाउने लक्ष्य लिएर गुरुयोजना तयार पारेको थियो । अहिलेसम्म करिब रु. चार करोडको लागतमा सालिक प्रवेश गर्ने मूलद्धार निर्माण सम्पन्न भएको, सिंढी मर्मत गरिएको, समितिको आफ्नै कार्यालय भवन, केही वनभोज स्थल, सार्वजनिक शौचालय निर्माण भएको, वाटिकालाई सुन्दर बगैंचाका रुपमा परिणत गरेको छ भने बजेट अभावले अन्य संरचना निर्माण भने पूरा हुन बाँकी रहेको समितिका अध्यक्ष बस्नेतले जानकारी दिनुभयो ।

विसं २०४६ को जनआन्दोलन सफल भएपछि तत्कालीन राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न गर्नुभएको आग्रहलाई अस्वीकार गर्दै उहाँले आफ्ना समकक्षी नेता कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीमा अघि सारेपछि नेपाली राजनीतिमा त्यागको उच्च नमूना प्रस्तुत गर्नुभएको थियो । स्वं सिंहले प्रजातान्त्रिक आन्दोलनमा गरेका सङ्घर्ष र त्यागका बारेमा विस्तृत विवरणका अतिरिक्त प्रजातान्त्रिक शहीदहरूको जीवनी समेटेर सङ्ग्रहालय निर्माण गर्ने लक्ष्य वाटिकाले लिएको छ ।

प्रजातान्त्रिक योद्धाहरुको सङ्घर्षका बारेमा अध्ययन, अनुसन्धान गर्ने, गराउने, प्रजातन्त्रका आदर्श, मूल्य र मान्यतामाथि विज्ञ, अनुभवीहरूबाट प्रवचन गराउने, त्यसका निष्कर्षलाई प्रकाशित गराएर भविष्यका पुस्तालाई प्रजातन्त्रप्रति जागरूक तुल्याउने थलोको रूपमा विकास गर्ने लक्ष्य लिएको समितिका महासचिव कृष्णमुरारी न्यौपानेले जानकारी दिनुभयो ।

समितिका संस्थापक अध्यक्ष एवं सालिकसहितको वाटिकाको परिकल्पनाकार स्व रामेश्वर ढुङ्गेल, पूर्वअध्यक्ष सुनिल वासु र वर्तमान अध्यक्ष बस्नेतले वाटिकाको गुरुयोजना सफल पार्न अनवरत रुपमा लागिरहेका थिए । स्व गणेशमान सिंहको जन्मदेखि सरकारी जागिर खाएर छोडेको, उच्च शिक्षा हासिल गर्न भारतको कोलकत्ता गएको, त्यहीं राजनीतिक सङ्घ सङ्गठनमा आबद्ध भएको, राणा शासनविरुद्ध सङ्घर्ष गरेको, प्रजातन्त्र प्राप्त भएको घटनाक्रमलाई उजागर गर्ने भौतिक संरचनासहितको गुरुयोजना निर्माण गरिएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै राणाशासनको अन्त्यसँगै पुनः पञ्चायती शासन आएको, पञ्चायतविरुद्ध सङ्घर्ष गर्दा जेल परेको र जेल फोडेर भागेको घटना, प्रजातान्त्रिक आन्दोलनमा सर्वोच्च कमान्डर भएको, प्रधानमन्त्रीका प्रस्ताव अस्वीकार गरेको, कांग्रेस पार्टी त्यागेको लगायतका घटनालाई समेत उजागर गर्ने भौतिक संरचना वाटिकाभित्र निर्माण हुने गरी गुरुयोजना बनाइए पनि त्यस्ता धेरै संरचना भने अझै निर्माण हुन सकेका छैनन् । वाटिकामा ती सबै संरचना निर्माणका लागि ३३ करोड रुपैयाँ खर्च हुने बताइएको छ ।



गुरुयोजना कार्यान्वयनमा ल्याउन सके स्व गणेशमान सिंहबारे जान्न र बुझ्न सजिलो हुनेछ । गणेशमानसँग सम्बन्धित सम्पूर्ण घटना र त्यसको प्रतीक वाटिकाभित्रै पाउन सकिने गरी गुरुयोजना तयार पारिएको छ । स्व सिंहले देशमा आर्थिक क्रान्ति नगरेसम्म राजनीतिक क्रान्तिबाट प्राप्त उपलब्धि स्थायी नहुने धारणा राख्दै आउनुभएको समितिका अध्यक्ष बस्नेत स्मरण गर्नुहुन्छ ।

विवादपछि अलपत्र गुरुयोजना

समितिले सार्वजनिक निजी साझेदारीको अवधारणाअनुसार साखः ग्रुपलाई करिब रु १४ करोडको लागतमा पाँच वर्षभित्र गुरुयोजनामा समेटिएका सबै भौतिक संरचना निर्माण सम्पन्न गर्ने गरी ३९ वर्षका लागि उक्त जग्गा भाडामा दिने सहमति गरेको थियो ।

तत्कालीन उपप्रधान तथा स्थानीय विकासमन्त्री प्रकाशमान सिंह संरक्षक तथा सोही क्षेत्रका सभासद् रामेश्वर ढुङ्गेल अध्यक्ष रहेको वाटिकालाई होटल सञ्चालनका लागि ३९ वर्षे भाडामा दिने, त्यस अवधिभरि हुने आम्दानीको २० प्रतिशत रकम वाटिकाको कोषमा आउने र ३९ वर्षपछि निर्माण भएका सबै संरचना वाटिकाको स्वामित्वमा हस्तान्तरण गर्ने गरी समितिका संस्थापक अध्यक्ष रामेश्वर ढुङ्गेल र साखः ग्रुपका तर्फबाट प्रभातप्रकाश साखःबीच २०७१ असार १२ गते सम्झौता भएको थियो ।

दधिकोट र कटुन्जेका जनताले उपभोग गरिरहेको खानेपानी ट्याङ्की र ऐतिहासिक सुवर्णेश्वर महादेव मन्दिर पनि वाटिका परिसरभित्रै परेकाले त्यसलाई असर पुग्ने गरी सरकारी सम्पत्ति निजी क्षेत्रलाई दिन लागेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी हालेपछि समिति सम्झौता रद्द भएको थियो ।

वाटिकाका लागि तयार पारिएको गुरुयोजना आफैँमा ऐतिहासिक थियो, त्यो संरचना निर्माण हुन सके गणेशमानलगायत देशका जनआन्दोलनमा सेनानी एवं शहिदहरुको जीवनी समेटिएको अध्ययन अनुसन्धानको केन्द्रसहितको सङ्ग्रहालय, पुस्तकालय निर्माणमा सरकारले चासो दिनुपर्ने समितिका अध्यक्ष बस्नेत बताउनुहुन्छ । संस्थापक अध्यक्ष एवं प्रतिनिधिसभाका सांसद रामेश्वर ढुङ्गेलको निधनसँगै अलपत्र जस्तै बनेको सिंहको सालिक र वाटिकालाई पूर्व अध्यक्ष वासु र वर्तमान् अध्यक्ष बस्नेतसहितको समितिले सुन्दर वाटिका निर्माणसँगै सालिक अनावरण गर्ने कार्य सम्पन्न गर्ने तहसम्म पुऱ्याएको छ ।

सांसदहरुले निर्माण भइसकेको स्व. गणेशमान सिंहको पूर्णकदको सालिकको लागि समेत ४१ लाख रुपैयाँ छुट्याएका थिए भने सालिक निर्माणस्थलको भौतिक निर्माणको लागि निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट रु २० लाख र बाटिका प्रवेश गर्ने सिंढी सुधारको लागि नगर विकास प्राधिकरणले थप २५ लाख रुपैयाँ बजेट छुट्याएको थियो । त्यस्तै सांसद मनमोहन भट्टराईले रु चार लाख र प्रदेशसभा सदस्य शशीजङ्ग थापाले यहाँको भौतिक संरचना निर्माणका लागि रु.२५ लाख उपलब्ध गराउनु भएको थियो । तत्कालीन जिविस, गाविस, नगर विकास समिति, संरक्षण समिति र जनश्रमदानबाट करिब रु. २७ लाख लागतमा कार्यालय भवन निर्माण गरेको थियो ।

समितिले रु ३३ करोडको लागतमा वाटिकाको सम्पूर्ण संरचना निर्माण हुने र यसलाई गणेशमानको मात्रै नभई नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेतृत्व गर्ने महत्वपूर्ण सबै व्यक्तिहरुको जीवनी, अध्ययनशालासमेत निर्माण गरेर देशकै ऐतिहासिक स्थल बनाउन सकिने जनाएको छ । यस क्षेत्रलाई इतिहासकाबारेमा अध्ययन अनुसन्धान गर्ने थलोको रुपमा मात्र नभई आन्तरिक एवं बाह्य ऐतिहासिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने समितिका जगन्नाथ कार्की बताउनुहुन्छ ।

**यसकारण बिर्सन सकिन्न गणेशमानलाई**

नेपालको राजनीतिक इतिहासमा नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालालाई महामानव तथा युगपुरुषको उपनामले चिनिए जस्तै नेता गणेशमान सिंहलाई सर्वोच्च नेता तथा लौहपुरुषको उपनामले चिनिदै आएको छ ।

बिपी कोइरालाको पारिवारिक नाम सान्दाजु भएजस्तै गणेशमान सिंहको पारिवारिक नाम पनि हीराकाजी थियो । जेठा बाजे रत्नमानसिंह बडाकाजी भएकाले जेठा नातिलाई बडाकाजी परिवारको अत्यन्त महत्वपूर्ण निधि मानेर हीरा भन्ने गरिएको र बडाकाजी परिवारमा जन्मेकाले काजी भन्ने गर्दा गणेशमानलाई हीराकाजी भन्ने गरिन्थ्यो ।

उमेरले बिपी कोइरालाभन्दा १४ महिना मात्रै कान्छा गणशमान १९७२ कात्तिक २४ गते जन्मिनु भएको हो । त्यसैले पनि बिपी र गणेशमान समकालीन नेता र खुबीवान हुनुहन्थ्यो । दुवैका यस्ता खुबीले गर्दा भारतको वनारसमा जन्मेको नेपाली कांग्रेस पार्टीले २००७ सालमा नेपालबाट एकतन्त्रीय राणा शासन अन्त्य गरी प्रजातन्त्र स्थापना गर्न सफल भएको मात्रै भएन २०१५ सालको प्रथम आमनिर्वाचनमा दुई तिहाई मतसमेत ल्याउन सफल भएको थियो । बिपी र सिंहकै योगदानका कारण २०४८ सालको दोस्रो आमनिवार्चनमा पनि नेपाली कांग्रेसले नै बहुमत ल्याउन सकेको थियो ।

काठमाडौंको रानीपोखरीस्थित दरवार स्कुलमा राणाहरुका छोराछोरीलाई मात्र पढ्ने अवसर पाउँदा ६ कक्षामा पढ्दै गर्दा एकै कक्षाका राणाको छोरालाई तँ भन्ने शब्द प्रयोग गरेकै कारण विद्यालयबाट निकालिएपछि राणा शासनबिरुद्ध मनमा क्रान्तिको सुरुआत गरेको मानिन्छ । आठ वर्षको उमेरमै पिता गुमाउनु भएका सिंहले आफ्नो २४ वर्षको उमेरमा १९९६ सालदेखि नेपाल प्रजा परिषद्को सदस्य भई राणाशासन विरोधी आन्दोलन र राजनीतिमा सक्रिय हुनुभएको थियो । विसं १९९७ मा राणाविरोधी गतिविधिमा सक्रिय भएका कारण उहाँलाई सर्वस्वसहित आजीवन कारावास राखिएपछि २००१ असार ७ गते १२ फिट अग्लो भद्रगोलको पर्खाल नाघेर भाग्न सफल हुनुभएको थियो । २०१५ सालको आमनिर्वाचनमा उहाँ कांग्रेसको मन्त्रिपरिषद्मा मन्त्री भए पनि सन्तुष्ट हुन नसकेपछि पदका लागि राजनीति नगर्ने र देशका लागि लागिरहने घोषणा गर्नुभएको थियो । उहाँकै नेतृत्वमा २०४६ सालको ऐतिहासिक जनआन्दोलन सफलतापछि तत्कालीन राजा वीरेन्द्रले दरबारमै बोलाएर प्रधानमन्त्री बन्न प्रस्ताव राख्दा नमानेर कृष्णप्रसाद भट्टराईको नाम सिफारिस गरेपछि उहाँको उचाई अझै बढेको थियो । नेता सिंहको २०५४ असोज २ गते निधन भए पनि उहाँले देश र जनताप्रति गर्नुभएको योगदान युगौँयुग बाँचिरहने छ ।

# संविधान कार्यान्वयनका चुनौतीहरु



खिमलाल देवकोटा

झण्डै सात दशकको अथक सङ्घर्ष त्याग र बलिदानको परिणाम संविधानसभाबाट संविधान प्राप्त भएको आज आठ वर्ष भएको छ । संविधानसभाबाट प्राप्त संविधान केवल संविधानको दर्जामा र सङ्ख्यामा गणना हुने सातौं संविधानमात्र होइन, संविधानसभाबाट प्राप्त भएको पहिलो संविधान पनि हो । यो संविधानका आठ वर्षका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ । यसका साथै यो आलेखमा संविधान निर्माणको ऐतिहासिक सन्दर्भ, संविधान निर्माणको प्रक्रिया र संविधानको अपेक्षाका बारेमा समेत संक्षेपमा चर्चा गरिनेछ ।

**ऐतिहासिक सन्दर्भ**

विसं २००४ को वैधानिक कानुनलाई पहिलो संविधान मान्ने हो भने २००७ सालमा अन्तरिम संविधान दोस्रो र तेस्रो संविधानका रूपमा २०१५ सालको अन्तरिम संविधान रह्यो । चौथो निर्दलीय पञ्चायतलाई संस्थागत गर्ने संविधान रह्यो भने पाँचौं संविधानका रूपमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । जसले संवैधानिक राजतन्त्र, संसदीय बहुदललाई परिभाषित गर्यो । माओवादी जनयुद्ध, राजनीतिक परिवर्तनको कोशेढुङ्गा सावित भयो । मदन भण्डारीको दासढुङ्गा रहस्यमय हत्यादेखि दरबार हत्याकाण्डसम्म यही अवधिमा घट्न पुग्यो । माओवादी, राजा र सात दल गरी राजनीति त्रिकोणात्मक शक्ति सङ्घर्षमा होमियो । राजा र सात दल माओवादीविरुद्ध खनिदा २०४७ सालको संविधान सुरक्षित थियो तर जब समीकरण बदलियो राजनीतिक माहोल अर्को बन्यो । परिणामस्वरुप अन्तरिम संविधान जारी भयो । राजतन्त्र संस्थागत गर्ने २०४७ सालको संविधान खारेज गर्यो ।

अन्तरिम संविधानले संविधानसभाको चुनावसँगै नयाँ संविधान जारी गर्ने आधार तयार गर्यो । संविधानसभाबाट जारी भएको नयाँ संविधानले सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशीतासहितको राज्यको प्रादुर्भाव संविधानमार्फत हुन पुग्यो । यही सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानको आठौं वर्ष मनाइरहेका छौं ।

**संविधानको अन्तरवस्तु**

यो संविधानको अन्तरवस्तु माओवादी र सात दलका बीचमा सम्पन्न १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानसमेतले निर्धारण गरेका थिए । अढाइ सय वर्षदेखि कायम रहेको राजतन्त्रको अन्त्यका कारण यी दस्तावेजहरू बने । विस्तृत शान्ति सम्झौताले वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय समस्या नेपाली समाजका समस्या हुन् र तिनै समस्या नै द्वन्द्वका कारण थिए भन्यो । ती समस्या समाधानका लागि युद्धको घोषणा गरिएकामा द्वन्द्वरत पक्ष समस्याको समाधान वार्ताको माध्यमबाट गर्न सहमत भएका कारणले सम्झौता भएको थियो ।

द्वन्द्वका कारणहरूको सम्बोधन नयाँ संविधानको अन्तरवस्तु थियो । राज्यको अग्रगामी पुनःसंरचना गरी आर्थिक सामाजिक रुपान्तरण संविधानको लक्ष्य रहनुपर्छ भन्ने मान्यता थियो । एकात्मक र सामन्ती संरचनाले सिर्जना गरेका उत्पीडन, अन्याय र अत्याचारका समस्याको समाधान दिगो शान्तिको आधार बन्ने कुरा संविधानले स्वीकार गरेको थियो । द्वन्द्वका कारण र समाधानको सूत्र सम्झौताले गृहयुद्धको अन्त्य र शान्ति, लोकतन्त्र र समावेशी शासनतर्फको दिशा तय गर्यो । संयुक्त जनआन्दोलन, जसलाई ‘अप्रिल विद्रोह’ पनि भनिन्छ, राजतन्त्रलाई गद्दी र शक्ति त्याग्न दबाब दिन महत्त्वपूर्ण भूमिका खेल्यो ।

**संविधान निर्माण प्रक्रिया**

झण्डै पाँच दर्जन मुलुकले आफ्नै प्रकृतिका संविधानसभामार्फत संविधान जारी गरेका छन् । त्यो मध्ये नेपाल पनि एक हो । नेपालले संविधानसभाबाट संविधान जारी गरेपछि भने ट्युनिसिया, भेनेजुएला, आइल्याण्ड र अफगानिस्तानले मात्रै संविधानसभामार्फत नयाँ संविधान जारी गरेका छन् । संसारका संविधानसभामध्येकै उत्कृष्ट ठानिएको संविधानसभाको निर्वाचन सम्पन्न गरी जारी गरिएको संविधान जनमत सङ्कलनका आधारमा अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयारी गरी संविधानसभाको अत्यधिक मतबाट जारी यो संविधान विश्वकै उत्कृष्ट लोकतान्त्रिक अभ्यासका माध्यमबाट जारी भएको संविधानका रूपमा लिने गरिन्छ ।

संविधानको यात्रा लामो र कठिन थियो । यसमा वार्ता संवाद र सहकार्यका पहलहरू भए । नेपालको विविधताको प्रतिनिधित्व गर्ने अभिलाषा पूरा गर्ने प्रयत्न पनि गर्यो । नेपाली समाजको अपेक्षाको प्रतिनिधित्व गर्ने संविधान निर्माण गर्ने साझा प्रतिबद्धता समावेश थियो । पहिलो संविधानसभा संविधान जारी नगरी अदालतको आदेशबमोजिम स्वतः अन्त्य भए पनि दोस्रो संविधानसभाको लागि मार्गप्रशस्त गर्यो । यसकै जगमा २० सेप्टेम्बर २०१५ मा सफलतापूर्वक मुलुकले नयाँ संविधान पारित गर्यो । यो संविधानको सबैभन्दा उल्लेखनीय पक्ष गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता र सङ्घीयताप्रतिको प्रतिबद्धता हो ।

**संविधानले समाजमा पारेका प्रभाव**

यो संविधान द्वन्द्व रुपान्तरणको एक दस्तावेज हो । संविधानसभा, संविधानसभामार्फत संविधान र त्यो संविधान सङ्घीयता, गणतन्त्र समावेशी राजनीति र धर्मनिरपेक्षतासहितको हुने जस्ता शर्तहरू थिए । तिनै चिज यो संविधानले संस्थागत गरेको छ । संविधानले संस्थागत गरेका ती विषयहरूको इमानका साथ कार्यान्वयन हुने हो भने सुशासन र सबैखाले द्वन्द्व समाधानका उपाय पनि सुझाएको छ भन्न सकिन्छ । राजनीतिक परिवर्तनको आन्दोलन सकिएको घोषणा गर्ने ठाउँमा दलहरू पुगेका कारण देश राजनीतिक स्थिरताको युगमा प्रवेश गरेको छ भन्न कर लाग्छ ।

विशेषगरी सङ्घीयताले प्रदेश र स्थानीय सरकारहरूलाई राज्य शक्तिको प्रयोग गर्ने अधिकार दिएको छ । राज्य शक्तिको प्रयोग गर्दा निर्णय गर्ने प्रक्रियालाई जनताको नजिक ल्याइदिएको छ । सीमान्तकृत समुदायलाई राजनीतिक प्रक्रियामा समावेश गर्ने कुराले फल दिन थालेको छ । राजनीतिक संस्थाहरूमा महिला, दलित र आदिवासी जनजातिले समुचित प्रतिनिधित्व पाएका छन् । शक्तिको यो विविधीकरण सामाजिक न्याय र समावेशिताप्रति संविधानको प्रतिबद्धताको प्रमाण हो ।

साथै संविधानले विभिन्न ३१ वटा मौलिक हकको सुनिश्चितता गर्दै आमाको नामबाट नागरिकता, जन्मसिद्ध नागरिकका सन्तानलाई पनि नागरिकता र गैरआवासीय नेपाली नागरिकलाई नागरिकतासमेतको व्यवस्था गरेको छ । आर्थिक समृद्धिका दिशामा निजी, सरकारी र सहकारी गरी तीनखम्बे नीतिका साथै विदेशी लगानी प्रवर्द्धन गरी आर्थिक विकासको जग खडा गर्ने काम पनि यो संविधानले गरेको छ । यसले सामाजिक कल्याण र वातावरण संरक्षणमा जोड दिँदै आर्थिक वृद्धिमा निजी क्षेत्रको भूमिकालाई पनि त्यत्तिकै मान्यता दिने काम गरेको छ ।

**आगामी चुनौतीहरू**

नेपालले आफ्नो लोकतान्त्रिक यात्रामा महत्त्वपूर्ण फड्को मारेको भए पनि यो चुनौतीरहित भने छैन । राज्यका सबै अङ्ग सङ्घीयकरण गर्दा पनि न्यायपालिका र राजनीतिक दल एकात्मक नै रहन पुगे । यसले सङ्घीयता कार्यान्वयनमा द्विविधा सिर्जना गरेको मात्रै छैन, बाधासमेत खडा गरेको छ । सङ्घीयता कार्यान्वयनमा स्रोतको बाँडफाँट, सङ्घीयकरणका लागि प्रशासनिक रुचि र सक्षमता एवं अन्तरसरकारी समन्वयसम्बन्धी अवरोधहरू आज पनि कायम छन् । तिनलाई फुकाउने चुनौती आजका र भोलिका समेत हुन् । यी चुनौतीका बाबजुद पनि सङ्घीयताको लाभ देशका कुना-कुनामा पुगेको छ । त्यसलाई अझै प्रवर्द्धन गर्न भने बाँकी नै छ ।


नयाँ संविधान, सङ्घीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षतासहितका व्यवस्थाहरू प्रतिक्रियावादी र यथास्थितिवादीहरूका चिन्ताका विषय हिजो थिए, आज छन् र भोलि पनि रहनेछन् । ती तत्वहरू यो परिवर्तन र व्यवस्थालाई नै उल्टाउन कम्मर कसेरै लागेका छन् । यी चुनौतीहरूको सामना गर्दै परिवर्तनका उपलब्धिहरू जोगाउने आजको प्रमुख चुनौती हो । विभिन्न समूहको चासोलाई सम्बोधन गर्न संविधानका संशोधन गर्ने विषयमा पनि चलेको बहस सकारात्मक निष्कर्षमा पुर्याउने अर्को चुनौती हो ।

राष्ट्रिय एकता र राजनीतिक स्थायित्व समृद्धि र विकासको आवश्यकताको सम्बोधन आजको खाँचोको विषय हो । रोजगारी सिर्जना, पूर्वाधार विकास र गरिबी न्यूनीकरणलगायतका आर्थिक चुनौतीहरूको सामना समस्या अवश्य हुन् तर सोको समाधानको पनि यो संविधानले ‘रोडम्याप’ प्रदान गर्दछ, तर यी लक्ष्यहरू प्राप्त गर्न दिगो प्रयास र प्रभावकारी शासन आवश्यक छ ।

**निष्कर्ष**

नेपालले आफ्नो आठौं संविधान दिवस मनाउँदै गर्दा यो देशलाई यस विन्दुमा ल्याएको राजनीतिक विकासको यात्रालाई प्रतिविम्बित गर्ने यसका लागि योगदान गर्नेहरूप्रति कृतज्ञ हुने समय हो । संविधानले न्यायपूर्ण, समावेशी र समृद्ध समाजका लागि नेपाली जनताको सामूहिक आकाङ्क्षाको प्रतिनिधित्व गरेको छ । तिनको प्रवर्द्धनको योजना बनाउने अवसर पनि हो ।

*(लेखक संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता हुनुहुन्छ)*



# ‘संविधानको सकारात्मक पक्षको रक्षा गर्दै अपूर्णता पूरा गर्नुपर्छ’ : पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई

नेपालको राजनीतिक फाँटमा बौद्धिक छविका रुपमा परिचित डा बाबुराम भट्टराई संविधानसभाको पहिलो निर्वाचनमा भारी मतका साथ गृह जिल्ला गोरखाबाट निर्वाचित हुनुभएको थियो । प्रवेशिका (एसएससी) र प्रमाणपत्र तह (आइएससी) मा सर्वोत्कृष्ट अङ्कसहित उत्तीर्ण भट्टराईले छात्रवृत्ति कार्यक्रमअन्तर्गत भारतको चण्डीगढबाट आर्किटेक्चरल इन्जिनियरिङमा स्नातक, दिल्लीको स्कुल अफ प्लानिङ एन्ड आर्किटेक्चरबाट स्नातकोत्तर र जवाहरलाल नेहरु विश्वविद्यालयबाट रिजनल डेभलपमेन्ट एन्ड प्लानिङ विषयमा विद्यावारिधि गर्नुभएको छ । उच्च शिक्षा अध्ययनका क्रममा वामपन्थी झुकाव राख्नुभएका डा भट्टराईले अध्ययन समाप्त भएपछि तत्कालीन पञ्चायती व्यवस्था विरोधी गतिविधिमा सरिक हुँदै २०३७ सालमा मोहनविक्रम सिंहमार्फत नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिनुभयो ।  पञ्चायतविरुद्धको आन्दोलनका क्रममा वामपन्थीहरूको मोर्चा, संयुक्त राष्ट्रिय जनआन्दोलनको उहाँ संयोजक बन्नुभयो । डा भट्टराईका नेतृत्वमा संयुक्त जनमोर्चा नेपाल गठन भई निर्वाचनमा भाग लिएर प्रतिनिधिसभाको तेस्रो ठूलो दल बन्न सफल भयो । विसं २०५२ देखि सुरु दसवर्षे जनयुद्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका डा भट्टराई शान्ति प्रक्रियापछि पहिलो संविधानसभाको पछिल्लो कालखण्डमा मधेस केन्द्रित दलसमेतको समर्थनमा प्रधानमन्त्री हुनुभएको थियो भने दोस्रो संविधानसभा निर्वाचनमा पनि गृह जिल्लाबाट नै निर्वाचित हुनुभयो । संविधान जारी गर्न सफल दोसो संविधानसभाअन्तर्गत संवैधानिक समितिका सभापतिको भूमिका निर्वाह गर्नुभएका डा भट्टराई सफल अर्थमन्त्रीका रूपमा समेत चिनिनुहुन्छ । पछिल्लो समय तत्कालीन नेकपा (एकीकृत माओवादी) परित्याग गर्नुभएका डा भट्टराई नयाँ शक्ति पार्टी, सङ्घीय समाजवादी पार्टी हुँदै नेपाल समाजवादी पार्टीका अध्यक्ष हुनुहुन्छ । संविधान दिवसका अवसरमा टोखास्थित निवासमागरिएको कुराकानीको सम्पादित अंशः

**प्र. संविधान निर्माण प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको तथा मुलुकको राजनीतिक-सामाजिक परिवर्तनको आन्दोलनमा होमिनुभएका बौद्धिक नेताका हैसियतले यहााले नेपालको संविधान र यसको कार्यान्वयनको पाटालाई कसरी हेर्नुभएको छ ?**

-संविधानसभाबाट संविधान बनाउने कुरा धेरै ऐतिहासिक महत्त्वको विषय हो । जनताको सहभागिता र इच्छाले नै राज्य सञ्चालन हुनुपर्छ भन्ने मान्यता हो । जनता नै सार्वभौमसत्ता सम्पन्न बन्ने कुरा लोकतन्त्रको आधारभूत पक्ष हो । त्यसको व्यावहारिक कार्यान्वयन भनेको जनताले आफ्नो संविधान आफैं बनाउने हो । त्यसलाई नै इतिहासमा संविधानसभा भन्ने गरिएको हो । नेपालमा भने दुर्भाग्यवश २००७ सालदेखि यो प्रश्न उठे पनि पटकपटक छाडिँदै गयो र अन्ततः करिबकरिब विलयजस्तै भयो । त्यतिबेलाका नेताहरू बिपी कोइराला, पुष्पलाललगायतले पनि यसलाई कार्यान्वयन गर्न सक्नुभएन । मुख्यरूपमा २०४६ सालको आन्दोलनपछि त्यतिबेलाका नेपाली कांग्रेस, नेकपा (माले) र वाममोर्चा मुख्य शक्तिका रुपमा उदय भए । उनीहरूले पनि सो मुद्दालाई छाडिदिनुभयो । संयुक्त राष्ट्रिय जनआन्दोलन भन्ने वामपन्थीको पक्ष थियो । त्यतिबेला म त्यसको प्रवक्ता थिएँ । म पश्चिमा फ्रान्सेली क्रान्तिलगायतबाट पनि प्रभावित भएको र संविधानसभाबाट संविधान नबनेसम्म लोकतन्त्र पूरा हुँदैन भन्ने मान्यता आत्मसात् गरेकाले त्यस विषयलाई २०४६ सालदेखि नै पटकपटक उठाएका थियौँ । त्यसैलाई नै माओवादी जनयुद्धका रुपमा मुख्य माग बनायौँ । जनयुद्धको प्रतिफलस्वरूप नेपालमा संविधानसभाबाट संविधान बन्ने काम सम्पन्न भयो ।   नेपालमा कोही मान्छे सातवटा संविधान बने भन्छन् तर खास गरी एउटै संविधान बनेको हो । त्यसभन्दा अगाडि राजा, महाराजाहरूले आफ्नो सुविधानुसार दबाब परेका बेला खुकुलो खालको र आफ्नो एकलौटी भएका बेला निरङ्कुश खालको संविधान जारी गरेका हुन् । उनीहरुले “हामीमा निहित सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग गरी यो संविधान जारी गरेका छौं” भने तर संविधानसभाबाट निर्मित संविधानमा हामीले “सार्वभौमसत्तासम्पन्न संविधानसभाबाट यो संविधान जारी गरेका छौं” भनेका छौं । नेपाली इतिहासका लागि यो अत्यन्त महत्वपूर्ण ऐतिहासिक घटना हो । त्यसैले पहिलो कुरा विधिको हिसाबले संविधानसभाबाट संविधान बन्ने विषयलाई कसैले पनि ‘किन्तु परन्तु’ गर्नै हुँदैन । जसले यसको महत्त्व नबुझेर संविधान भएन, फ्याकिदिऔं भन्न खोज्छन् तर संविधान संविधानसभाले नै बनाउनुपर्छ, अर्को कसैले आएर संविधान बनाउन सक्दैन । संविधान दिवसका सन्दर्भमा यो पाटो र यसको ऐतिहासिक महत्त्व सबैले बुझ्न जरुरी छ । संविधानसभाबाट नेपालमा पहिलो संविधान बनेको हुनाले प्रक्रियागत हिसाबले यो ऐतिहासिक घटना थियो । हामी सबै मिलेर संविधानको रक्षा गर्नुपर्छ । कुनै पनि बहानामा यसलाई कमजोर पार्न हुँदैन ।

**प्र. संविधान घोषणा भएलगत्तै ‘गिलास आधा भरी, आधा खाली’ भन्नुभएको थियो । संविधानमा समेट्न नसकिएका विषय वस्तु के हुन् ?**

-जहाँसम्म संविधानको विषयवस्तुको कुरा छ, यो त समयानुकूल, समाजको चेतना, आर्थिक-सामाजिक विकासको स्तर र राजनीतिक शक्तिबीचको शक्ति सन्तुलनका आधारमा ‘कन्टेन्ट’ बन्ने हुन्छ । हाम्रा सन्दर्भमा राष्ट्रिय औद्योगिक पूँजीको विकास नभइसकेको, कृषिप्रधान अर्थतन्त्रको बाहुल्य रहेको, सामन्तवादी सोच एवं संस्कार हाबी रहेको तथा हाम्रा संस्थाहरू लामो लोकतान्त्रिक अभ्यासबाट नगुज्रेको, नेता र जनताको चेतना पनि नउठेका कारण संविधानको केही अपूर्णता त छन् तर पनि समकालीन विश्वमा ‘कन्टेन्ट’का हिसाबले नेपालको संविधानमा उल्लेख भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता धेरै महत्वपूर्ण छन् । म आफैं यो संविधासभाका निम्ति निरन्तर लडेको र संवैधानिक समितिको सभापतिका रूपमा भूमिका निर्वाह गरे पनि यसका केही अपूर्णता छन्, जुन मैले संविधान जारी भएको दिनदेखि नै भनेको छु । यो संविधान आधा भरी, आधा खाली छ, मैले किन भनेको हो भने, भरी त भरिएकै हो । संविधानसभाबाट संविधान जारी गर्नु नै भरिनु हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानको सारवस्तु हुन पनि भरिएको नै हो । तर अपूर्ण चाहिँ कहाँनेर हो भने शासकीय स्वरूप मिश्रित प्रकृतिको बनायौँ, त्यसले देशमा राजनीतिक स्थिरता दिन सकेन, त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसद्को व्यवस्था हुनुपर्थ्यो । यो ठूलो त्रुटि भयो भन्ने मेरो त्यो बेलादेखिको बुझाइ हो र दुई पटकको निर्वाचनपछि पनि त्यो कमजोरी देखिइरहेको छ । नेपाल जस्तो जातीय, क्षेत्रीय विविधतायुक्त मुलुकमा सङ्घीयता अनिवार्य थियो, तर हामीले ठीक ढङ्गले संविधानसभाले तय गरेको ‘पहिचानका पाँच र सामर्थ्यका चार आधार’ अनुसार संविधान बनाउन नसक्दा ‘खिचडी’ खालको बनेको छ, त्यसले गर्दा सङ्घीयता सोचेजस्तो आवश्यकतानुरूप हुन सकेन । न्यायालयलगायत राज्यको निकायको पुनःसंरचना गरिनुपर्छ भन्ने हाम्रो मान्यता थियो । संवैधानिक आयोग, न्यायालय लगायतलाई पनि अझै बढी लोकतान्त्रिकीकरण गरेर लैजान सक्नुपर्थ्यो । त्यसमा पनि हामी अलिकति चुकेका छौं । संविधान दिवसका अवसरमा मूल्याङ्कन गर्दाखेरि इतिहासको यस सापेक्षतामा यसको सकारात्मक पक्षको रक्षा र अपूर्णता पूरा गर्ने ढङ्गले जानु नै उपयुक्त हुन्छ ।

**प्र. संविधानको मर्म र भावनानुसार आवश्यक ऐन कानुन बन्न नसक्दा राज्य सञ्चालन प्रक्रिया प्रभावित हुन पुगेको छ । व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था परिवर्तन हुन नसकेको भन्ने गुनासो आउन थालेको छ । यसलाई कसरी हेर्नु भएको छ ?**

-संविधानमा त्रुटि रहेको एउटा पाटो मैले भनिहालेँ । संविधान नै संशोधन गर्नुपर्छ । संविधानमा लेखिएका विषयलाई ठीक समयमा ठीक ढङ्गले कानुन बनाएर कार्यान्वयन नगर्नु अर्को पाटो बनेको छ । मौलिक अधिकारसम्बन्धी थुप्रै राम्रा विषय संविधानमा लेखिएको छ । तर ‘कानुनमा व्यवस्था भएअनुसार गरिनेछ’ भनेर राखिदिएपछि कानुन नै फितलो बन्यो भने कार्यान्वयन हुँदैन । कतिपय कानुन नबनेर पनि राम्रोसँग कार्यान्वयन हुन सकेको छैन । सङ्घीयता कार्यान्वयनका सन्दर्भमा अहिलेसम्म पनि निजामती सेवासम्बन्धी ऐन नबन्नु र वित्तीय सङ्घीयताका कतिपय विषय ठीक ढङ्गले कार्यान्वयन नहुनुले समस्या भएकै हो ।  यो व्यवस्था नै खराब छ भन्नेतिर कोही जान खोजेका छन्, तर यो सत्य होइन । यसमा राजनीतिक नेतृत्वले क्रान्तिकारी उभारका बेला दूरदृष्टि देखाउन सकेको थियो, क्रान्तिपछि शिथिलता आउँछ, यो विज्ञानको नियम हो । क्रान्तिकारी नेतृत्व शिथिल हुनु आदि कारणले पनि त्यस्तो भयो । अर्को सम्झौताबाट संविधान बनायौँ, पुरानै सत्तामा रहेको शक्ति र पछि उदय भएर आएको शक्तिका बीचमा सम्झौता हुँदा मध्यमार्गी बाटो लिइएको हो । यसले गर्दा पनि ठीक ढङ्गले कार्यान्वयन हुन नसकेको हो । त्यसकारण असन्तुष्टि आउनुलाई अन्यथा लिन हुँदैन ।

**प्र. तीन तहका सरकारबीचको कामकारबाहीमा एकरूपता, सम्बन्धमा हार्दिकता र एकापसमा तालमेल हुन नसकेको देखिन्छ । यसलाई कसरी सम्बोधन गर्न सकिन्छ ?**

-पहिलो त सङ्घीयतासम्बन्धी बुझाइमा अझै प्रस्टता छैन । हिजो पनि दलहरूबीच नेपाल जस्तो सानो देशमा किन सङ्घीयता चाहियो भन्ने बुझाइ थियो । सानो र ठूलाका आधारमा सङ्घीयता हुने हैन, देशको जातीय, भाषिक र क्षेत्रीय बनोटका आधारमा विविधतायुक्त छ भने विविधतालाई सम्बोधन गर्न सङ्घीयतामा जाने हो । यो विषय हामीले धेरैलाई बुझाउन सकेका छैनौं । पछिल्लो पुस्ता झन् गहिराइमा बुझ्न नसकेर सङ्घीयता नै आवश्यक छैन भन्नेतिर जान खोजेको छ, त्यो सत्य होइन । स्विट्जरल्यान्ड, बेल्जियमजस्ता हामीभन्दा साना मुलुकमा सङ्घीयता हुनु तर चीनजस्तो ठूलो देशमा सङ्घीयता नहुनु भनेको, जातीय, क्षेत्रीय, भाषिक एकरूपता छ भने सङ्घीयता चाहिँदैन, विकेन्द्रीकरण गरे हुन्छ । भाषिक र जातीय विविधता भएका मुलुकमा भने सङ्घीयता चाहिन्छ । पहिले विषय बुझ्नु जरुरी छ । विषयको अस्पष्टताले गर्दा नेतृत्वमा आउने व्यक्तिमा सङ्घीयता कार्यान्वयनमा अनिच्छा देखिएको छ । बेलेमै कानुन नबन्नुलगायत कारणले कार्यान्वयनमा अस्पष्टता आएको हो । यसलाई हामीले छिटो हल गर्नुपर्छ ।

**प्र. संविधान जारी भएयता राजनीतिक स्थायित्व देखिंदैन, जनताको जीवनस्तर पनि त्यति सुधार भएको जस्तो देखिंदैन, आर्थिक गतिविधि सुस्त छ, यसमा संविधान वा शासनसत्ता सञ्चालन गर्ने व्यक्तित्व कसको दोष मान्नु हुन्छ ?**

-यसलाई ‘सेतो र कालो’का रूपमा हेर्नु हुँदैन । समस्या अन्तरसम्बन्धित हुन्छन् । संविधानका केही त्रुटिलाई संशोधन गरेर सच्याउनुपर्छ । शासकीय स्वरूपलाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा लैजाने, सङ्घीयतालाई पहिचान र सामर्थ्यका आधारमा पुनः परिभाषित गर्ने तथा राज्यका कतिपय अङ्गलाई व्यवस्थित गर्ने गरी संविधानमै सुधार गर्नुपर्छ । सङ्घीयतालाई राम्रोसँग आत्मसात् गर्ने राजनीतिक नेतृत्व नहुँदा पनि समस्या पैदा भएको छ । हामीले सम्झौताबाट संविधान बनायौं, अगुवा शक्तिको नेतृत्व हुँदा ठीक ढङ्गले कार्यान्वयन हुन्छ र संस्थाहरू बन्छन् । जो यो संविधानमा जबर्जस्ती तानिएर आएका छन्, जसको संविधानको मूलभूत विषयवस्तुप्रति प्रतिबद्धता छैन, उनीहरू नेतृत्वमा हुँदा स्वतः नै ठीक ढङ्गले कार्यान्वयन हुँदैन । राजनीतिक परिवर्तन र मूल ढोका खोल्ने मात्रै हो तर आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन भनेको चाहिँ अलि जटिल र दीर्घकालीन प्रकृतिको हुन्छ । त्यसलाई बेलैमा बुझेर राजनीतिक नेतृत्वले ठीक ढङ्गले योजना बनाउन र मुख्यतः आर्थिक पछौटेपनलाई अन्त्य गर्न सक्नुपर्छ, त्यसमा नेतृत्वको कमजोरी हो । अहिलेको विश्व अन्तरसम्बन्धित छ, हाम्रो आफ्नै देशले मात्रै एक्लै गर्छु भनेर हुँदैन, सुगौली सन्धियता नेपाल जसरी भारतवेष्टित रूपमा रहेको छ, खुला सिमाना, ऐतिहासिक ढङ्गले बनेको असमान सम्बन्धलाई नसच्याएसम्म नेपालभित्रको प्रक्रियाले मात्रै पनि हुँदैन । पछिल्लो चरणमा उदीयमान चीन र भारतका बीचमा हामी छौं, अहिलेको युगअनुसार वैदेशिक सम्बन्धलाई पनि सच्याएर लान सक्नुपर्छ । आर्थिक विकासको गतिमा देखिएको कमीका कारण जनतामा निराशा पैदा भएको हो । यसलाई दूरदर्शी नेतृत्वले बुझेर हल गर्नुपर्छ ।

**प्र. पछिल्ला दिनमा हिन्दू राज्यको विषयलाई उचालेर सदनदेखि सडकसम्म आवाज उठ्न थालेको छ । लामो समयदेखि जनताका पक्षमा लागेका राजनीतिक दलभन्दा पनि स्वतन्त्र भनिएका पक्षहरुको हल्ला धेरै सुनिन्छ । यसले के सङ्केत गरिरहेको छ ?**

-जनतामा असन्तुष्टि हुनु त स्वाभाविक मान्नुपर्छ । असन्तुष्टिले नै राम्रो काम गर्न अभिप्रेरित गर्छ तर अहिले त्यसका नाउँमा व्यवस्थालाई नै भत्काउने र पछि फर्काउने जुन कुरा गर्छन्, त्यो सत्य हुँदैन, उल्टो बाटो हिँडेर संसारमा कोही पनि अगाडि बढ्न सक्दैन । जहाँ अवरोध छ, त्यसलाई पो हल गर्ने हो, गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्र त आधुनिक युगका लोकतन्त्रका आधारभूत मान्यता हुन् र नेपाली संविधानका महत्वपूर्ण चार खम्बा हुन् । यीमध्ये एउटा खम्बा भत्काइयो भने लोकतन्त्र नै रहँदैन । खासगरी राजतन्त्रवादी शक्तिले जनताको पिछडिएको चेतनाको दोहन गरेर हल्ला गरेका हुन् । ‘सिधै राजा ल्याऊ’ भन्दाखेरि त जनतामा ‘पपुलर हुन’ सकिँदैन, नेपाल बहुधार्मिक मुलुक हो, यहाँ हिन्दू, बौद्ध, मुस्लिम, किराँत, बोनलगायत थुप्रै धर्मावलम्बी छन् । तीमध्ये हिन्दूको सङ्ख्या अलि बढी छ, त्यसैले उनीहरूले हिन्दूमा त्यस खालको भय सिर्जना गरेर यो संविधान भत्काउनका निम्ति धार्मिक मुद्दा उठाएका छन् । यसलाई बेलैमा बुझ्नुपर्छ । विश्वव्यापी रूपमा जहाँजहाँ पूँजीवादको सङ्कट आइरहेको छ, त्यसलाई अग्रगामी ढङ्गले हल गर्नाको साटो जनताको पिछडिएको चेतनाको दोहन गरेर इतिहासलाई पछाडि फर्काउने प्रयत्नप्रति हामी बेलैमा सतर्क भएर अगाडि बढ्नुपर्छ । धर्म व्यक्तिको आस्थाको कुरा हो, यसलाई सम्मान गर्ने विषय रहन्छ तर धर्मको राजनीति गर्नेहरू प्रतिगामी सोच राख्ने शक्ति छन्, तिनलाई बेलैमा चिनेर निषेध गर्नुपर्छ ।

**प्र. विस्तृत शान्ति सम्झौतामार्फत नेपालमा १० वर्षे जनयुद्ध समाप्त भयो, तर अझै पनि शान्ति प्रक्रियाका कतिपय विषय अझै टुङ्गोमा पुग्न सकेको छैन, यसमा यहााको धारणा के छ ?**

-हामीले नेपालको क्रान्तिलाई सम्झौतामार्फत अगाडि बढाएका हौं । परम्परागत राजावादी शक्ति, बीचका संसदीय सुधारवादी लोकतन्त्रवादी शक्ति र अर्को क्रान्तिकारी प्रगतिशील वामपन्थी शक्तिको द्वन्द्वका बीचमा नै हामीले १२ बुँदे र शान्ति सम्झौता जुन गर्‍यौं, त्यसअन्तर्गत राजतन्त्रको अन्त्य गरी संसदीय शक्ति र अग्रगामी क्रान्तिकारी शक्ति बीचको सम्झौताबाट संविधानको यो बाटो अपनायौं, यी दुई शक्तिका बीचमा तालमेल ठीक ढङ्गले नमिल्नु, नेतृत्वमा सत्ता लिप्सा देखापर्नु, क्रान्तिकारी आन्दोलनभित्र पनि स्खलन देखापर्नु आदि कारणले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न ढिला भइरहेको छ । यसलाई ढिलो गरिनु हुँदैन । खासगरी सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमार्फत त्यसलाई हल गर्ने भनेर हामीले मौलिक विधि शान्ति सम्झौतादेखि नै संविधानमा समेत व्यवस्था गरेका छौं । छिट्टै यसलाई हल गर्नुपर्छ । बाह्रबुँदे समझदारीपछि यताका मूलभूत शक्तिले नै यस संविधानलाई कार्यान्वयन गर्ने र शान्ति प्रक्रिया पूरा गर्ने मुख्य जिम्मेवारी लिनुपर्छ । नयाँ आउने पुस्ताको जुन नयाँ आकाङ्क्षा छ, पुराना कुरा त्यति बुझ्दैनन्, उनीहरूलाई पनि यसको महत्वबोध गराएर इतिहासलाई अगाडि बढाउनुपर्छ ।

**प्र. पछिल्लो समय युवा, विद्यार्थीको विदेश पलायन तीव्र भएको छ, यसले मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा कस्तो दूरगामी असर गर्छ ? यसलाई निराकरण गर्न के गर्नुपर्छ ?**

-केही समययता जसरी हाम्रो श्रमिक विदेश पलायन हुने चक्र चलेको थियो, त्यसमा केही वर्षयता उच्च शिक्षाका निम्ति युवा, विद्यार्थी विदेश पलायन हुने प्रवृत्ति बढेको छ । यसलाई वस्तुगत र आत्मगत पक्षबाट हेर्नुपर्छ । पूँजीवादी विकासको एउटा नियम के हुन्छ भने ठूलो चुम्बकले सानो चुम्बकलाई तान्छ । पछिल्लो चरणमा जुन ढङ्गको पूँजीवादको विकासको केन्द्र एसियाको क्षेत्र बनिरहेको छ र नेपालका तुलनामा भारत, खाडी, मलेसियालगायत देश अगाडि बढ्नु आदिले गर्दा ती मुलुकमा श्रमको आवश्यकता बढी भएकाले तिनीहरूले हाम्रा श्रमिकलाई यहाँभन्दा बढी सुविधा दिन सक्ने कारणले आकर्षण बढाएर लगेका छन् । त्यसैगरी युरोप, अमेरिका सुरुदेखि नै स्वतः ज्ञानविज्ञानमा अगाडि छन्, हाम्रा युवालाई उच्च शिक्षाको आकाङ्क्षा बढाएर त्यता तान्नु वस्तुगत प्रक्रिया हो । यो निरन्तर भइराख्छ । आत्मगत ढङ्गले हामीले आफैँले यहाँ आफूअनुकूल वातावरण र रोजगारी सिर्जना गर्न नसकेर, जीवनसँग जोडिएको गुणस्तरीय प्राविधिक शिक्षा दिन नसकेर हाम्रा श्रमिकलाई वैदेशिक रोजगारीमा जान बाध्य पार्ने र विद्यार्थीलाई गुणस्तरीय शिक्षाका निम्ति विदेश जान बाध्य पार्ने काम भइरहेको छ, यो गम्भीर छ । राजनीतिक नेतृत्वले आत्मसमीक्षा गरेर यसको उचित उपाय खोज्नुपर्छ । बाहिरबाट तान्ने त स्वाभाविक हो । तर हामीले गर्न सक्ने भनेको चाहिँ साधनस्रोतको सदुपयोग गरेर उपयुक्त आर्थिक विकासको नीति अपनाउने र श्रम निर्यात गर्ने होइन, बाहिरबाटै पूँजी र प्रविधि आयात गरेर वस्तु र सेवा निर्माण गरी निर्यात गर्नेतर्फ जानुपर्छ । अहिले हामीले श्रम निर्यात र वस्तु आयात गरिरहेका छौं, यस्तो परनिर्भरताले देश कहिल्यै बन्दैन । त्यसकारण यो बाटो सच्याउनुपर्छ । अर्को, हाम्रो शिक्षा अत्यन्त पुरातन खालको छ, जीवन र रोजगारीसँग जोडिन सकेको छैन । त्यसकारण युवाहरू बाहिर जान बाध्य छन् । शिक्षा क्षेत्रमा आमूल सुधार गर्ने, गुणस्तरीय शिक्षा प्रदान गरेर रोजगारीको वातावरण सिर्जना गर्ने दिशामा जानुपर्छ ।

**प्र. वर्तमान संविधानअनुसार दुईपटक निर्वाचन भइसक्दा पनि विकास निर्माणले गति लिन सकेको छैन, आर्थिक गतिविधि सुस्त छ, युवा पलायन बढ्दो छ । राज्यसाग साधन स्रोत कम भएका अवस्थामा देशलाई सहज ढंगबाट अगाडि बढाउन र युवालाई यही देशमा बस्ने वातावरण बनाउन के गर्नुपर्ला ?**

-गम्भीर विषय यही छ, यति ठूलो क्रान्तिकारी राजनीतिक परिवर्तनपछि देशमा स्थिर प्रकृतिको सरकार र दूरदृष्टियुक्त राजनीतिक नेतृत्वको आवश्यकता थियो । दुर्भाग्य के भयो भने शान्ति प्रक्रियापछि राजनीतिक स्थिरता ठीक ढङ्गले कार्यान्वयन गर्न सकेनौं, सङ्क्रमणकाल लम्बिँदै गयो, राजनीतिक नेतृत्वले हिजो व्यवस्था परिवर्तनका लागि युद्ध लड्दा, आन्दोलन गर्दा जुन खालको दक्षता, जेलनेल, दुःख कष्ट गर्ने क्षमता देखाएको थियो, अब त यहाँको आर्थिक विकास, समृद्धि र सामाजिक आर्थिक रूपान्तरणको पछिल्लो ज्ञानविज्ञान र प्रविधिमा पोख्त भएको नेतृत्वको आवश्यकता थियो । हाम्रो नेतृत्वले आफूलाई रूपान्तरण गर्न पनि सकेन, नयाँलाई अगाडि ल्याउने बाटो पनि खोलिदिएन । त्यसैले यस समस्याको मुख्य कारण नेतृत्वको सङ्कट नै हो । हामीले छिटोभन्दा छिटो अहिलेको राजनीतिक नेतृत्वलाई त्यो बोध गराउनुपर्छ या यसलाई विस्थापित गरेर अहिलेको युग सुहाउँदो, देश र अन्तरराष्ट्रिय परिस्थितिलाई बुझ्ने, विज्ञान र प्रविधिलाई ठीक ढङ्गले बुझेको नयाँ नेतृत्व देशमा आउनुपर्छ । नेपाल बन्नै सक्दैन भन्ने होइन । म आफू क्षेत्रीय विकास योजनाको विद्यार्थी हुनाको नाताले अर्थमन्त्री छँदा देशको खाका कोरिएको थियो, प्रधानमन्त्री छँदा संसद् नहुनाले ऐन कानुन बनाएर बजेट पेस गर्न पाइएन । तर पनि कतिपय पहल थालिएको थियो । रूपान्तरणकारी योजना सुरु गरिएको थियो । कृषि प्रधान अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा लाने हो भने हामीले सुरुका चरणमा पूर्वाधारमा नै लगानी गर्नुपर्छ । सडक, सिँचाइ, हवाई, जलविद्युत्, शिक्षा र स्वास्थ्यका पूर्वाधारमा लगानी गरेर मात्रै कृषिप्रधान अर्थतन्त्रलाई बजारसँग जोड्ने र औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्ने बाटो खुल्छ । विकासको यस विषयलाई बुझेर मैले त्यसो गरेको हुँ । तर त्यसपछिका सरकारले यसको महत्त्व नै बुझेनन् । राष्ट्रिय गौरवका आयोजना कुनै पनि पूरा गर्न सकेका छैनौं । हाम्रो ध्यान त्यहाँ जानुपर्थ्यो । सँगसँगै अहिलेको युगमा श्रम र प्राकृतिक साधनस्रोत हामीसँग छ तर पूँजी र प्रविधिको कमी छ, त्यसो भएकाले हाम्रो नेतृत्वले यस्तो बेलामा खासगरी दुई ठूला छिमेकी र पश्चिमा शक्तिसँग सन्तुलित सम्बन्ध राखेर तिनीहरूबाट पूँजी र प्रविधि आयात गर्ने र यहाँबाट वस्तु र सेवा निर्यात गर्ने विकासको नीति लिन सक्नुपर्थ्यो । त्यो राजनीतिक नेतृत्वको दूरदृष्टिको अभावकै कारणले यो समस्या आएको हो । यसको हल गर्न सकिन्छ । युवा पलायन भएर हुँदैन । युवा यहीं नै बसेर यसलाई बदल्नका निम्ति योगदान गर्नुपर्छ । नेपाल बन्छ भन्नेमा म विश्वस्त छु ।

**प्र. प्रधानमन्त्रीको अध्यक्षता रहने लगानी बोर्ड छ । पूर्वाधार विकासका क्षेत्रमा विदेशी लगानी त्यति आउन सकेको छैन । निजी क्षेत्र पनि आकर्षित भइरहेको अवस्था छैन । समस्या कहाँनेर छ ?**

-समस्या नीतिगत रूपमै छ । टुक्रेटाक्रे कुनै मन्त्रालय वा विभागभित्र राखेर विकासको गति अगाडि बढ्दैन । त्यसैले मैले सुरुमा उच्चस्तरीय विकासको प्राधिकरण बनाऔं, त्यसले सिधै कार्यकारी प्रमुख मातहत रहेको विकास प्राधिकरण बनाऔं र त्यसले सबै मन्त्रालयलाई समन्वय गर्न सक्ने र राष्ट्रिय अन्तरराष्ट्रिय पूँजी र प्रविधि तथा विज्ञको परिचालन गरेर देशको विकासको दीर्घकालीन रणनीति बनाउन सकोस्, जस्तै पूर्वाधार, जलस्रोत, शिक्षा, स्वास्थ्य, कृषिको वैज्ञानिकीकरण, आद्यौगिकीकरण, सामाजिक क्षेत्रको विकासको रणनीति बनाउन सकोस् भनेको थिएँ । विदेशी पूँजी र प्रविधि नल्याएसम्म देश बन्दैन । खासगरी भारत र चीन ठूला अर्थतन्त्रका रूपमा अगाडि आइरहेका छन् । चीन छिट्टै पहिलो तथा भारत तेस्रो अर्थतन्त्र बन्दैछ । दुई अर्बभन्दा बढीको बजार हाम्रो छेउछाउमा छ । यी दुई मुलुक जोड्ने पुलका रूपमा विकास गरौं । हिजोको जस्तो दुई ढुङ्गाबीचको तरुल होइन, दुई सागरलाई जोड्ने सेतुका रुपमा नेपाल बनाऔं भनेर मैले यो अवधारणा अगाडि सारेको हो । दुवै मुलुकमा मूल्य शृङ्खलासम्म जोड्ने ढङ्गले पूँजी र प्रविधि ल्याउनका निम्ति अधिकार सम्पन्न लगानी बोर्ड बनाऔं, त्यसले सिधै लगानीको निर्णय गर्न सक्छ भनेर मैले अवधारणा ल्याएको थिएँ तर विकास प्राधिकरणको अवधारणा त साथीहरूले अगाडि बढाउन चाहनुभएन । मैले पछिल्लो पटक पनि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई सुझाव दिएको थिएँ । जुन लगानी बोर्ड बन्यो, त्यसको कानुन निम्छरो बन्यो, त्यसले गर्दा लगानी पनि त्यसअनुसार आउन सकेन । नीतिगत रूपमा नै यसलाई सच्याउनुपर्छ । त्यसो गर्न सकिएन भने पुरानै बाटो हिँडेर नयाँ ठाउँमा पुग्न सकिँदैन ।

**प्र. प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ संयुक्त राष्ट्र संघ र जनवादी गणतन्त्र चीनको भ्रमणमा हुनुहुन्छ । हामीले आर्थिक कूटनीतिलाई जोड दिने भन्दै आएका छौं, आर्थिक कूटनीति झन् कमजोर भइरहेको छ । यसलाई प्रभावकारी बनाउन के गर्नुपर्छ ?**

-राजनीतिक दूरदृष्टि भएको नेतृत्व चाहियो भनेर मैले पहिल्यैदेखि नै भनिआएको छु । अहिलेको युगको आवश्यकता तीव्र आर्थिक विकास नै हो र त्यसका निम्ति देशभित्र उपयुक्त नीति बन्नुपर्छ । विकास प्राधिकरणजस्तो संस्था बनाएर विकासको रणनीति बनाउने सोच हुनुपर्‍यो । स्वदेशभित्रको साधनस्रोतको परिचालन गर्ने र बाह्य साधन स्रोतको परिचालन गर्ने खाका हुनुपर्‍यो । त्यसमा महत्वपूर्ण विषय भारत र चीन तथा युरोप, अमेरिकासँगको सम्बन्धलाई सन्तुलित ढङ्गले राखेर अगाडि लैजान सक्नुपर्छ । तर हाम्रो यहाँ त्यस्तो भएको छैन । प्रत्येक दलले आफ्नो स्वार्थअनुसारको सम्बन्ध बनाउने, दलभित्र गुट, गुटभित्र पनि व्यक्तिले आफ्नो स्वार्थका निम्ति सम्बन्ध राख्ने भएपछि राष्ट्रिय नीति त बन्दैन । अब अहिले प्रधानमन्त्री प्रचण्डलाई अवसर छ । देशभित्र अस्थिरता र अन्तर्राष्ट्रिय छवि बलियो बन्न नसकेको अवस्था छ । विश्वासको वातावरण बनेको छैन । यस्तो बेलामा यस्ता भ्रमणबाट धेरै अपेक्षा गर्न सकिएला जस्तो लाग्दैन । तर त्यसको अर्थ बन्दैन, हुँदैन भन्ने ठान्दिन । बिलकुल प्रस्ट सम्भावना छ । त्यसका निम्ति ‘भिजन’, दूरदृष्टि र राजनीतिक दलभित्र न्यूनतम् राष्ट्रिय एकता चाहियो । त्यति भए हामी अगाडि जान सक्छौं ।

**प्र. अन्त्यमा, संविधान दिवस २०८० अवसरमा यहाँको सन्देश केही छ कि ?**

-संविधान दिवसका अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा शुभकामना व्यक्त गर्न चाहन्छु । यति ठूलो परिवर्तनका निम्ति सहिद, बेपत्ता र घाइतेजनले गरेको योगदानको म उच्च सम्मान गर्न चाहन्छु । संविधानका मूलभूल विषयलाई जोगाउँदै यसभन्दा उन्नत प्रकारको समृद्ध समाजवादी समाज निर्माण गर्नु नै अबको आवश्यकता हो । विभिन्न बहानामा यसलाई उल्ट्याउन खोज्ने प्रवृत्तिबाट हामी सतर्क रहनुपर्छ । नयाँ पुस्ता सक्रिय र जागरुक हुँदै अगाडि आएको छ, उसले इतिहासको उपलब्धिमा टेकेर अगाडि जाने सोच बनाउनुपर्छ । त्यसो हुन सक्यो भने नेपाल बन्छ । यो संविधान दिवसले हामी सबैलाई त्यो उत्प्रेरणा देओस् । रासस

संविधानका मूलभूल विषयलाई जोगाउँदै यसभन्दा उन्नत प्रकारको समृद्ध समाजवादी समाज निर्माण गर्नु नै अबको आवश्यकता हो । विभिन्न बहानामा यसलाई उल्ट्याउन खोज्ने प्रवृत्तिबाट हामी सतर्क रहनुपर्छ । नयाँ पुस्ता सक्रिय र जागरुक हुँदै अगाडि आएको छ, उसले इतिहासको उपलब्धिमा टेकेर अगाडि जाने सोच बनाउनुपर्छ । त्यसो हुन सक्यो भने नेपाल बन्छ । यो संविधान दिवसले हामी सबैलाई त्यो उत्प्रेरणा देओस् ।




मुम्बईमा दस दिने 'गणेश चतुर्थी' उत्सवको पहिलो दिनमा जुलुसको क्रममा हिन्दू भक्तहरूले हात्तीको टाउको भएको देवता भगवान गणेशको मूर्तिसहितको गाडालाई धक्का दिर्दै । *तस्विर : एएफपी*

# एसियाली खेलकुदमा पुरुष भलिबलमा बहराइनविरूद्ध नेपालको हार

**टुडे समाचारदाता**

काठमाण्डु। चीनको हाङझाउमा १९औं एसियाली खेलकुदको औपचारिक उद्घाटनअघि केही खेलका प्रतिस्पर्धा सुरू भएका छन्।



जसअन्तर्गत पुरुष भलिबलमा नेपालले मंगलबार हार ब्यहोरेको छ। समूह 'बी' रहेको नेपाल बहराइनसँग ३-१ को सेटमा पराजित भएको हो।

खेलमा नेपालले पहिलो सेट भने जितेको थियो। पहिलो सेट नेपालले २५-२० ले आफ्नो पक्षमा परेको थियो। त्यसपछिका तीन सेटमा भने नेपाल लगातार पछि पर्‍यो। बहराइनले दोस्रो सेट २५-२०, तेस्रो सेट २५-१८ र चौथो सेट २५-१५ को जित निकाल्न सफल भयो। अब समूहको दोस्रो खेलमा नेपालले एसियाकै बलियो मध्येको एक टिम इरानसँग भोलि प्रतिस्पर्धा गर्नेछ।

# साफ यू-१९ च्याम्पियनसिपको सम्पूर्ण तयारी पूरा

**टुडे समाचारदाता**

काठमाण्डु । असोज ४ देखि काठमाडौं हुने साफ यू-१९



च्याम्पियनसिपको सम्पूर्ण तयारी पूरा भएको छ। अखिल नेपाल फुटबल संघ एन्फाले असोज ४ देखि १३ सम्म दशरथ रंगशालामा हुने प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिएको हो।

प्रतियोगिताको लागि साधारण प्यारापिटतर्फको टिकट मूल्य सय रुपैयाँ र भिआइपितर्फको टिकट मूल्य तीन सय रुपैयाँ तोकिएको छ। टिकट खल्ती तथा भौतिक रुपमा दशरथ रंगशालामा किन्न पाइनेछ। प्रतियोगिताका सबै खेल स्पोर्ट्सवर्कको युट्युब च्यानलबाट प्रत्यक्ष प्रसारण हुनेछ।


प्रतियोगिताको बजेट २ करोड ७७ लाख रुपैयाँ रहेको छ। प्रतियोगिताको समूह 'ए' मा नेपाल, माल्दिभ्स र पाकिस्तान छन् भने अर्को समूहमा भारत, भुटान र बंगलादेश छन्। पहिलो खेलमा नेपाल र पाकिस्तान पर्सी भिड्नेछन्।

प्रतियोगिताको सुरुवाती दुई संस्करण नेपालले जितेको थियो। गत वर्ष भारतमा भएको च्याम्पियनसिपमा भने घरेलु टिम च्याम्पियन बनेको थियो।

# युक्रेनी नागरिकलाई सन् २०२५ सम्म शरण दिने ईयूको प्रस्ताव

**सिन्हवा**

ब्रसेल्स। युरोपेली सङ्घ (ईयू) को कार्यकारी निकायले युक्रेनबाट आएका शरणार्थीको युरोपेली सङ्घमा रहन पाउने अधिकारलाई एक वर्ष बढाएर सन् २०२५ को मार्चसम्म लम्ब्याउने प्रस्ताव गरेको छ।



सन् २०२२ को फेब्रुअरीमा युक्रेनमा युद्ध सुरू भएको केही दिनपछि युरोपेली सङ्घले आफ्नो अस्थायी सुरक्षा निर्देशन जारी गरेको थियो। युरोपेली आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यसले ४० लाखभन्दा बढी व्यक्तिलाई सुरक्षा प्रदान गर्ने निश्चितता र समर्थन प्रदान गर्नेछ।"

मस्कोले युक्रेनमा नागरिक पूर्वाधारमा आक्रमण सुरु गरेसँगै रूसले आफ्नो पश्चिमा समर्थक छिमेकीविरुद्धको युद्ध करिब १९ महिनादेखि कम हुने कुनै सङ्केत देखेको छैन। प्रारम्भिक उपाय मार्च २०२४ सम्म चल्ने तय गरिएको थियो।

आयोगले शरणार्थीहरूको सुरक्षित र दिगो फिर्तीका लागि अझै अनुकूल नभएको वर्तमान, अस्थिर परिस्थितिको आवश्यक र उपयुक्त प्रतिक्रियाको रूपमा यसलाई लम्ब्याउनुपर्ने बताएको छ।

यो उपायले ईयूमा रहेका युक्रेनीहरूलाई रोजगार बजार, चिकित्सा हेरचाह र शिक्षामा पहुँच प्रदान गर्दछ। यो प्रस्तावलाई अब इयूका सबै २७ देशले अनुमोदन गर्नुपर्नेछ। त्यहाँ कुनै ठूलो विरोध हुने अपेक्षा गरिएको छैन।

गत वर्ष लाखौं युक्रेनी नागरिकको अचानक विस्थापनले दोस्रो विश्वयुद्धपछि युरोपले सामना गरिरहेको सबैभन्दा तीव्र गतिमा बढिरहेको शरणार्थी सङ्कटको प्रतिनिधित्व गरेको थियो।

# एकैपटक एक सयभन्दा बढी विद्यार्थी बिरामी

**एएनआई**

मध्य प्रदेश। छात्रावासको पाकशालामा खाना खाएका एक सय जनाभन्दा बढी विद्यार्थी अस्पताल भर्ना भएका छन्। मध्य प्रदेशको जबलपुर जिल्लास्थित एक आवासीय विद्यालयको छात्रवासको भान्सामा भोजन गर्दा ती विद्यार्थी बिरामी परेका हुन्।

जिल्लाको रामपुर छपर क्षेत्रमा रहेको विद्यालयका विद्यार्थीले सोमबार राति खाना खाएपछि पेट दुखेको र वान्ता गर्न थालेका थिए। अधिकांश विद्यार्थीले तारन्तार वार्ता गर्न थालेपछि विद्यालयका कर्मचारी, स्थानीयवासी र प्रहरीले उनीहरूलाई अस्पताल दौडाएका एक जना सरकारी अधिकारीले एएनआई बताए।

प्रमुख चिकित्सा तथा स्वास्थ्य अधिकृत डा सञ्जय मिश्रका अनुसार सोमबार राति विद्यालयको छात्रावासमा गरेको भोजन विषाक्त भएकाले उनीहरू सबै बिरामी भएका हुन्। अहिले उनीहरू सबैको अवस्था स्थिर छ। चिकित्सकको निगरानीमा उनीहरूलाई २४ घण्टासम्म अस्पतालमा नै राखिने छ। सम्भवतः बुधबार बिहान सबैलाई 'डिस्चार्ज' गरिने डा मिश्रले बताएका छन्।

# बारुदी सुरुङमा छ जना मारिए

**एएफपी**

बाकु। नागोर्नो-काराबाख क्षेत्रमा बारुदी सुरुङमा छ जना मारिएका छन्। अजरबैजानले मङ्गलबार नागोर्नो-काराबाखबाट छुट्टिएको क्षेत्रमा भएका दुई छुट्टाछुट्टै सुरुङ विस्फोटमा चार प्रहरी अधिकारी र दुई नागरिकको मृत्यु भएको बताएको छ। आर्मेनियासँगको तनाव बढ्दै गएका बेला यस्ता आततायी गतिविधि विध्वंसमा संलग्न समूहले गराएका प्रहरीले बताएको छ।

सुरक्षा निकायहरूका अनुसार खोड्झाभेन्स्की जिल्लामा मङ्गलबार बिहान सबेरै दुईजनाको मृत्यु भएको तथा अतिवादी समूह आर्मेनियाली सशस्त्र बलले निर्माणाधीन सुरुङ मार्गमा राखेको विष्फोटक पदार्थमा प्रहरीको गाडीले कुल्चिदा चार जना प्रहरी अधिकारीको घटनास्थलमा ज्यान गएको हो। आर्मेनियाली सशस्त्र बललाई अजरबैजानले आतङ्कवादी समूह मानेको छ। आर्मेनिया र अजरबैजान तत्कालीन सोभियत सङ्घबाट टुक्रिएपटि बेग्लाबेग्लै देशका रुपमा अस्तित्वमा आएका हुन्।

# सी डिभिजन क्लबको समन्वय समितिको संयोजकमा दिवाकर घले



**टुडे समाचारदाता**

काठमाण्डु। अखिल नेपाल फुटबल संघ (एन्फा) र सी डिभिजन क्लबबीच मंगलबार एन्फा कम्प्लेक्समा भएको बैठकले तीन सदस्यीय समन्वय समिति गठन गरेको छ।

बैठकले संयोजकमा महावीर क्लबका अध्यक्ष दिवाकर घले, सहायक संयोजकमा सुशील सुवेदी र सदस्यमा विवेक राईलाई नियुक्त गरेको छ। प्रतियोगिता र अन्य विषयमा समितिले सी डिभिजन क्लब र एन्फासँग मिलेर काम गर्नेछ।

बैठकमा प्रतियोगिताका विभिन्न विषयमा छलफल भई एन्फा र सी डिभिजन क्लबबीच सहजीकरणका लागि समिति गठन गर्ने सहमति भएको थियो। भेटमा एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ, उपाध्यक्ष दावा लामा, महासचिव किरण राई, सी डिभिजन क्लबका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

# 'प्रधानमन्त्री ट्रुडोको आरोप आधारहीन छ'

**एएनआई**

ओटावा। क्यानाडास्थित कार्लटन विश्वविद्यालयका प्राध्यापक एवं विदेश नीति विशेषज्ञ विवेक देहेजियाले मङ्गलबार क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले भारतविरुद्ध आधारहीन आरोप लगाएको र त्यसको विश्वसनीयता शून्यप्रायः भएका टिप्पणी गरेका छन्।

> क्यानडाका प्रधानमन्त्री ट्रुडोले सोमबार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्यामा भारत सरकारको हात रहेको आरोप लगाउनुभएको थियो जसलाई नयाँदिल्ली निराधार भन्दै त्यसको खण्डन गरको थियो।

"हामीले सबुद-प्रमाण नदेखेसम्म प्राप्त जानकारीलाई आँखा चिम्लेर सत्य मान्न नसकिने बताउँदै प्राध्यापक देहेजियाले लोकतन्त्रमा विश्वास गर्ने विकसित पश्चिमा देशको नेताले स्वतन्त्र भारतको इतिहासमा यस किसिमको आरोप पहिलो पटक लगाएको बताउँदै यसअघि यति उच्चस्तरमा भारतले क्यानडाको आन्तरिक मामिलामा षड्यन्त्र गरेको नसुनेको जनाएका छन्।

एनआईसँगको कुराकानीमा प्राध्यापक देहेजियाले क्यानडाली जनता वा विश्वका जनतालाई प्रधानमन्त्रीले गरेको दाबीबारे कुनै जानकारी नदिइएको बताए। क्यानाडाको सुरक्षा खुफिया सूचनाका आधारमा प्रधानमन्त्रीले लगाएको आरोप पुष्टि नभएको त्यसमा आधार भएको मान्न नसकिने उनले बताएका छन्। उनले भनेका छन्–प्रधानमन्त्रीको आरोपमा विश्वनीय आधार छैन।

क्यानडाका प्रधानमन्त्री ट्रुडोले सोमबार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्यामा भारत सरकारको हात रहेको आरोप लगाउनुभएको थियो जसलाई नयाँदिल्ली निराधार भन्दै त्यसको खण्डन गरको थियो।

भारतमा पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा रहेका निज्जरको गत जुनमा क्यानडाको ब्रिटिस कोलम्बियामा गोली हानेर हत्या गरिएको थियो। पञ्जाबको जालन्धरको भारसिंहपुर गाउँका निज्जरलाई राष्ट्रिय अनुसन्धान निकाय (एनआई) ले फरार घोषणा गरेको थियो।

# भारतद्वारा क्यानडाली कूटनीतिज्ञ निष्कासित



**एएफपी**

नयाँदिल्ली। भारत सरकारले क्यानडाका एक जना वरिष्ठ कूटनीतिज्ञलाई निष्कासन गरेको छ। क्यानडाले पृथकतावादी खालिस्तान नेता हरदीप सिंह निज्जरको हत्यामा संलग्न रहेको आरोपमा एक जना भारतीय कूटनीतिज्ञलाई निष्कासन गरेपछि भारतले पनि उही शैलीमा क्यानडाका कूटनीतिज्ञलाई निष्कासन गरेको हो।

भारतको विदेश मन्त्रालयले नयाँदिल्लीमा रहेका क्यानाडका उच्चायुक्तलाई बोलाएर उच्चायोगका एक जना वरिष्ठ कूटनीतिक कर्मचारीलाई निष्कासन गर्ने भारत सरकारको निर्णयबारे जानकारी गराएको छ। नयाँदिल्लीले निष्कासन गरेका क्यानाडाली कूटनीतिज्ञलाई पाँच दिनभित्रमा भारत छाड्न आदेश दिएको छ।

यो निर्णयले भारतको आन्तरिक मामिलामा क्यानाडाली कूटनीतिज्ञहरूको हस्तक्षेप र भारत विरोधी गतिविधिहरूमा उनीहरूको संलग्नता देखिएको विदेश मन्त्रालयका एक जना अधिकारीले बताएका छन्। विधिको शासनप्रति दृढ प्रतिबद्धतासहितको लोकतान्त्रिक राजनीतिक पद्धति अपनाएको भारतमाथि क्यानडाले लगाएको आरोपलाई विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले आधारहीन भएको टिप्पणी गरेका छन्।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले संसद्को आकष्मिक बैठकमा हरदीपसिंह निज्जरको हत्यामा नयाँदिल्ली संलग्न रहेको आरोप लगाउनुभएको थिए। गत जुनमा निज्जर ब्रिटिस कोलम्बियामा मृत अवस्थामा भेटिएका थिए।

यसअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानडामा भारत विरोधी गतिविधि बढेकामा गम्भीर चिन्ता व्यक्त गर्दै क्यानडाको भूमिलाई भारतका विरुद्ध उपयोग हुन नदिन आफ्ना समकक्षीलाई अनुरोध गर्नुभएको थियो। रासस

# सशस्त्र प्रहरीद्वारा एसियाली खेलकुदमा सहभागी हुने खेलाडीहरूको बिदाइ

**टुडे समाचारदाता**

काठमाण्डु। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले '१९औं एसियाली खेलकुद प्रतियोगिता' अन्तर्गत महिला ह्यान्डबलमा सहभागी हुने खेलाडी, प्रशिक्षक र अफिसियल लगायत बक्सिङ खेलमा सहभागी हुने खेलाडीहरूलाई बिदाइ गरेका छन्। सशस्त्र प्रहरी बल नेपाल मुख्यालयमा आयोजित कार्यक्रमका बिच अर्यालले बिदाइ गरेका हुन्।



सन् २०२३ सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म चीनको हाङ्गझाओ सहरमा सञ्चालन हुने एसियाली खेलकुद प्रतियोगिता अन्तर्गत महिला ह्याण्डबलतर्फ क्याप्टेन वन्दना राईसहित १६ जना र बक्सिङ खेलमा सहभागी हुने एपीएफका ४ जना खेलाडी तथा प्रशिक्षक र अफिसियल गरी जम्मा २३ जनालाई बिदाइ गरिएको हो।

अर्यालले खेलकुदले व्यक्तिगत विकासमा टेवा पुग्ने मात्र नभई समग्र राष्ट्रको समेत पहिचान झल्काउने भएकोले सहभागी सम्पूर्ण खेलाडीहरूबाट अनुशासित तवरले खेल प्रदर्शन गर्नका साथै राष्ट्र र समग्र जनताले खेलाडीहरूबाट उत्कृष्ट नतिजाको अपेक्षा राखेको गरे।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नारायणदत्त पौडेल, चन्द्र प्रकाश गौतम र बंशीराज दाहाल लगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृत, नेपाल ह्याण्ड बल संघका अध्यक्ष विश्व बम मल्ल तथा संघका अन्य पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अङ्कले बढेको छ । मंगलबारको कारोबारपछि परिसूचक १६ दशमलव २४ अङ्कले बढेर एक हजार नौ सय ८५ दशमलव ४३ अङ्कमा कायम भएको हो ।

नेप्सेका अनुसार विभिन्न कम्पनीका दुई सय ७२ कम्पनीको ४३ लाख ३६ हजार पाँच सय ८३ कित्ता शेयर ५० हजार दुई सय ९६ पटक खरिदबिक्री हुँदा रू एक अर्ब १७ करोड ६६ लाख ८० हजार सात सय ५७ बराबरको कारोबार भएको छ ।

होटल तथा पर्यटन र व्यापार समूहको उपसूचक घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । होटल समूहको उपसूचक शून्य दशमलव ०९ र व्यापार समूह शून्य दशमलव ९३ प्रतिशतले घटेको छ ।

सबैभन्दा धैरै जलविद्युत् समूहको उपसूचक तीन दशमलव २१ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ३२ प्रतिशत, विकास बैंक एक दशमलव ४८, वित्त एक दशमलव ९५ र लगानी समूहको उपसूचक शून्य दशमलव ७८ प्रतिशतले बढेको छ ।

त्यस्तै, जीवन बीमा शून्य दशमलव ३७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७४, लघुवित्त शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव ११, निर्जीवन बीमा शून्य दशमलव ७६ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ ।

शुभम् पावर लिमिटेडको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ भने थ्री स्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ । शेयर मूल्य धैरै घट्ने कम्पनीमा इमर्जिङ नेपाल लिमिटेड छ । कम्पनीको शेयर मूल्य आठ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोकार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धैरै रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको रू १० करोड ६४ लाख ४३ हजार छ सय ९१ बराबरको दुई लाख २० हजार ५६ कित्ता शेयर किनबेच भएको छ । रासस

# सन नेपाल लाइफ इन्स्योरेन्सको आइपिओ सूचीकृत

**टुडे समाचारदाता**

काठमाण्डु । मंगलबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा सन नेपाल लाइफ इन्स्योरेन्सको आइपिओ सूचीकृत भएको छ। कम्पनीको कुल ३ करोड २० लाख कित्ता आइपिओ नेप्सेमा सूचीकृत भएको हो।

कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष, कर्मचार ीसहित सर्वसाधारणका लागि बिक्री गरेको ९६ लाख कित्ता र संस्थापक सेयरधनीहरूले लगानी गरेको २ करोड २४ लाख कित्ता सेयर गरी उक्त परिमाणको सेयर नेप्सेमा सूचीकृत गराएको हो।

कम्पनीले पहिलो कारोबारको लागि १५८ रुपैयाँ ४१ पैसादेखि ४७५ रुपैयाँ २३ पैसाको मूल्य रेञ्ज पाएको छ। यही मूल्य रेञ्जलाई आधार मानेर बिहीबारदेखि दोस्रो बजारमा कम्पनीको सेयर कारोबार खुल्नेछ।

नेप्सेले कम्पनीहरूलाई पहिलो कारोबारको लागि उनीहरूको नेटवर्थको तीन गुणासम्म मूल्य रेञ्ज दिने गर्छ। कम्पनीको कारोबारको लागि संकेत 'एसएनएलआई' रहेको छ।

# ऊर्जा क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारका रुपमा विकास गर्ने सरकारको तयारी

काठमाण्डु । भौतिक पूर्वाधारको क्षेत्रका रुपमा रहँदै आएको मुलुकको ऊर्जा क्षेत्रलाई सरकारले अब भने प्रमुख आर्थिक एवम् औद्योगिक क्षेत्रका रुपमा परिचय प्रदान गरेर अगाडि बढाउने भएको छ ।

ऊर्जा क्षेत्र क्रमशः कमोडिटीका रुपमा विकास भएको, भारतमा नियमित रुपमा निर्यात हुन थालेको र बङ्गलादेशमा समेत निकट भविष्यमा नै निर्यातका लागि सम्झौता हुन लागेकाले यसलाई अर्थतन्त्रको प्रमुख आधारका रुपमा चित्रण गर्न लागिएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई आइतबार बुझाइएको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजनाले ऊर्जा क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारका रुपमा विकास गर्ने र सोहीअनुसारको व्यवहार गर्दै अगाडि बढ्नुपर्ने सुझाव दिइएको छ । व्यापारसमेत यसमा जोडिन थालेकाले यसलाई प्रमुख आर्थिक क्षेत्रका रुपमा लिइनुपर्ने माग उठ्दै आएको थियो ।

सामान्यतया एक युनिट बिजुली बराबर रु एक सय बराबरको आर्थिक स्रोत बन्दै आएको छ । त्यस आधारमा पनि मुलुकका उद्योगी तथा व्यवसायीले यसलाई अर्थतन्त्रको प्रमुख क्षेत्रका रुपमा मान्यता दिएर अगाडि बढ्नुपर्ने माग गर्दै आएका थिए । जल तथा ऊर्जा आयोगले सन् २०१५ देखि २०४० सम्मका लागि कूल गार्हस्थ्य उत्पादनमा चार दशमलव पाँच प्रतिशत, सात दशमलव दुई प्रतिशत र नौ दशमलव दुई प्रतिशत बराबरको आर्थिक वृद्धिलाई आधार मानेर लक्ष्य प्रक्षेपण गरिएको थियो । सोही लक्ष्यका आधारमा कार्यदलले पनि सन् २०३५ सम्म मुलुकलाई के कति मात्रामा बिजुली आवश्यक पर्दछ र त्यसका लागि के कति लगानी जरुरी पर्दछ भन्ने कुराको निर्धारण गरिएको छ ।

सरकारले कृषि, ऊर्जा, यातायात, घरायसीलगायत क्षेत्रमा खपत हुने विद्युत्को मागसमेत प्रक्षेपण गर्ने भएको छ । कार्यदलका संयोजक एवम् ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देवका अनुसार सन् २०२५ सम्म हालकै मागअनुसार पनि अधिकतम माग पाँच हजार चार सय ७४ मेगावाट बराबर हुनेछ।

उक्त माग आर्थिक वृद्धिदर नौ दशमलव दुई प्रतिशत बराबर हुँदाका अवस्थामा रहनेछ। आर्थिक वृद्धिदर चार दशमलव पाँच प्रतिशत बराबर रहँदा चार हजार तीन सय मेगावाट र आर्थिक वृद्धिदर सात दशमलव दुई प्रतिशत रहँदा चार हजार नौ सय १७ मेगावाट बराबर बिजुलीको माग हुनेछ।



अर्थतन्त्रका समग्र क्षेत्र पूर्णरुपमा चलायनमान हुँदा त्यसले पार्ने प्रभाव गुणात्मक हुने सहसचिव देवको भनाइ छ। यस आधारमा सन् २०३५ सम्म आन्तरिक माग नै १७ हजार पाँच सय २८ मेगावाट बराबर रहनेछ । विद्युत्को आन्तरिक मागका अतिरिक्त छिमेकी देशको विद्युत् बजारमा हुने निर्यातलाई समेत कूल मागमा समावेश गरिएको छ । गत आवमा चार सय ५० मेगावाट विद्युत भारत निर्यात भएको थियो । चालु आवमा छ सय २० मेगावाट बराबरको विद्युत निर्यात भइरहेको छ। आर्थिक वर्ष २०८५/८६ सम्ममा चार हजार मेगावाट बराबरको बिजुली निर्यात हुनेछ। यस्तै आव २०९१/९२ सम्ममा १५ हजार मेगावाट बराबरको बिजुली निर्यात हुनेछ। यस आधारमा पनि मुलुकको ऊर्जा क्षेत्र अर्थतन्त्रको प्रमुख आधारमा रुपमा थप स्थापित हुने र सबल क्षेत्र बन्ने छ।

आव २०९१/९२ सम्ममा आन्तरिक मागका साथै छिमेकी देशमा हुने निर्यातलाई समेत हेर्दा विद्युत्को माग करिब २८ हजार पाँच सय मेगावाट बराबर पुग्नेछ। प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को पछिल्लो भारत भ्रमणमा १० वर्षमा १० हजार मेगावाट बराबरको बिजुली निर्यातका सम्बन्धमा समझदारी भइसकेको छ । सो समझदारीलाई हालै मात्र भारत सरकारले स्वीकार गरेको छ । यस्तै बङ्गलादेशले समेत सन् २०४० सम्ममा नौ हजार मेगावाट बिजुली नेपालबाट आयात गर्ने विषयलाई आफ्नो रणनीतिक योजनामा समावेश गरेको छ । कार्यदलको प्रतिवेदनअनुसार सन् २०३५ सम्ममा बङ्गलादेशले पाँच हजार मेगावाट बराबरको बिजुली लैजाने अवस्था देखिएको छ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आज मात्रै स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) का पदाधिकारीसँगको भेटमा व्यापार घाटा घटाउने उपयुक्त माध्यमका रुपमा ऊर्जा क्षेत्र भएकाले सोही अनुसारको व्यवहार गर्ने बताउनुभएको छ । राज्यका अन्य निकायले पनि अर्थतन्त्रको प्रमुख आधारका रुपमा ऊर्जा क्षेत्र नै रहेको स्वीकार गरेका छन् । ऊर्जामन्त्री बस्नेतले भौतिक पूर्वाधारको क्षेत्रका रुपमा मात्रै मान्यता पाएको ऊर्जा क्षेत्र अब अर्थतन्त्रको प्रमुख आधारका रुपमा स्थापित भएको तथ्य सबैले आत्मसात् गर्नुपर्ने बताउनुभएको छ।

कार्यदलले तयार पारेको प्रतिवेदनलाई छिट्टै मन्त्रिपरिषद्मा पेस गर्ने मन्त्रालयको तयारी छ । राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्य सरोकारवाला निकायसँग छलफल गरेर ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजनालाई राष्ट्रिय कार्ययोजना र सङ्कल्पपत्रका रुपमा अगाडि बढाउने तयारी गरिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेको भनाइ छ।

कार्ययोजनालाई कार्यान्वयनमा ल्याउनका लागि मन्त्रालयले विशेष युनिट नै स्थापना गर्नेछ । उत्पादनको क्षेत्रमा उल्लेख्य प्रगति भए पनि प्रसारण तथा वितरण प्रणालीमा रहेको जटिलता सम्बोधन गर्नका लागि उक्त युनिटले काम गर्नेछ । यस्तै, ऊर्जा सुरक्षाका दृष्टिले जलाशययुक्त र अर्धजलाशयुक्त आयोजनाको निर्माणलाई पनि उत्तिकै प्राथमिकता दिइने भएको छ।

सोही आधारमा बूढीगण्डकी, दूधकोशीजस्ता आयोजना निकट भविष्यमा नै निर्माणमा लैजाने सरकारको तयारी छ । ठूला आयोजना पनि क्रमशः अगाडि बढाउने र निजी क्षेत्रलाई समेत साथमा लिएर अगाडि बढ्ने सरकारको तयारी छ। ऊर्जा मन्त्रालयले हालै सङ्घीय संसद्मा पेस गरेको ऊर्जा विधेयक, २०८० मा निजी क्षेत्रलाई उत्पादनमा मात्रै नभई बिजुली व्यापारमा समेत सहभागी गराउन लागिएको छ। उत्पादन मात्रै नभई व्यापारमा सहभागी गराउँदा अर्थतन्त्रको आकार थप वृद्धि हुने सरकारको बुझाइ छ। रासस

## डलरको मूल्य हालसम्मकै उच्च

**टुडे समाचारदाता**

काठमाण्डु । मंगलबार अमेरिकी डलरको विनिमय दर हालसम्मकै उच्च भएको छ। मंगलबारको लागि एक अमेरिकी डलरको खरिददर १३२ रूपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ३३ रूपैयाँ ५४ पैसा तोकिएको छ।

सोमबार भारतीय मुद्रा डलरको तुलनामा हालसम्मकै कमजोर भएपछि नेपाली मुद्रा पनि डलरको तुलनामा कमजोर भएको हो।

सोमबार एक डलरको लागि भारतीयहरूले ८३.२७ भारु तिरिरहेका थिए। भारतीय मुद्रासँग नेपाली मुद्राको विनिमय दर स्थिर (पेग्ड) गरिएकोले पनि भारतीय मुद्रा घट्दा नेपाली मुद्राको पनि भाउ घट्छ।

कच्चा तेलको मूल्यमा भइरहेको वृद्धिले पनि अमेरिकी डलरलाई बलियो बनाइरहेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले उल्लेख गरेका छन्।

ब्रेन्ट र डब्लुटिआई कच्चा तेलको मूल्य लगातार तीन सातादेखि वृद्धि भएको छ। यता भारतको व्यापार घाटा समेत १० महिनाकै उच्च भएको छ। भारतको व्यापार घाटा अगष्टमा २४ अर्ब डलर पुगेको छ।

बुधबार अमेरिकी केन्द्रीय बैंक फेडबाट ब्याजदरसम्बन्धी घोषणा आउने बताइएको छ। अमेरिकामा मूल्य वृद्धिदरमा सुधार भइरहेपनि ब्याजदर नघट्ने भएको हो।

सम्भवतः अब अन्तिम पटक ०.२५ बिन्दुले ब्याजदर बढ्नेछ। यो वृद्धिपछि गत २०२२ मार्च यता ११औं पटक ब्याजदर बढ्नेछ।

फेडको केही समयदेखि यो दर ५.२५ देखि ५.५० प्रतिशतसम्म सीमित पार्ने उद्देश्य लिइएको छ। हाल यो दर ५.५ प्रतिशत छ। यो बेन्चमार्क ब्याजदर सन् २००१ यताकै उच्च हो।

अमेरिकामा केही समय अघिसम्म मूल्य वृद्धि दर ४० वर्षकै उच्च थियो। यो ९.१ प्रतिशतसम्म पुगेको थियो। जुनमा त्यहा मूल्य वृद्धि दर ३.७ प्रतिशत थियो।

नेपालमा डलरको भाउ बढ्दा रेमिटेन्सबाट प्राप्त हुने रकम बढ्नेछ। तर, आयातित वस्तुको लागत बढ्नेछ भने मूल्य वृद्धिको सम्भावना समेत रहनेछ।

# मुक्तिनाथ विकासले सेयरधनी बचत खातामा थप्यो सुविधाहरू

**टुडे समाचारदाता**

काठमाण्डु । मुक्तिनाथ विकास बैंकले मुक्तिनाथ क्यापिटल र सेयर ब्रोकर कम्पनीहरूबीच त्रिपक्षीय व्यवसायिक सम्झौता गरेको छ। यो सम्झौता बमोजिमको सुविधाहरु 'मुक्तिनाथ सेयरधनी बचत खाता' खोल्ने ग्राहकहरूले पाउनेछन्।

सेवाग्राहीहरूलाई सुविधा दिन र सेयर लगानी गर्न चाहने ग्राहकहरूलाई सम्पूर्ण सेवाहरू एकै स्थानबाट उपलब्ध गराउन उक्त सम्झौता गरेको बैंकले बताएको छ। उक्त सम्झौता बमोजिम ग्राहकहरूले बैंकका कुनै पनि शाखाबाट तीन वटा कम्पनीहरूले (मुक्तिनाथ विकास बैंक, मुक्तिनाथ क्यापिटल र तोकिएका सेयर ब्रोकर कम्पनीहरू) दिने विभिन्न सेवा सुविधाहरू पाउनेछन्। नयाँ व्यवस्थाअनुसार मुक्तिनाथ सेयरधनी बचत खाता न्यूनतम मौज्दात १०० रुपैयाँमा खोल्न सकिने, निःशुल्क कनेक्ट आइपिएस रजिष्टेशन, निःशुल्क मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ, मुक्तिनाथ क्यापिटलबाट निःशुल्क डिम्याट



खाता, मेरो सेयर रजिष्ट्रेशन र पोर्टफोलियो म्यानेजमेन्ट सर्भिसमा ५० प्रतिशतसम्म छुट तथा ब्रोकर कम्पनीहरूबाट निःशुल्क ब्रोकर खाताको सुविधा पाउनेछन्।

यो सम्झौतामा क्यापिटल म्याक्स (ब्रोकर नं. ६२), मियो सेक्युरिटिज् (ब्रोकर नं. ६६) र हातेमालो फाइनान्सियल सर्भिसेज (ब्रोकर नं. ७२) आवद्ध भएका छन्। सेवाग्राहीहरूलाई उक्त कम्पनीहरूबाट उपलब्ध हुने सेवाहरू भविष्यमा थप गर्दै लैजाने योजना पनि रहेको बैंकको भनाइ छ।

# एनएमबी बैंकले सञ्चालनमा ल्यायो डिजी स्टेशन

**टुडे समाचारदाता**

काठमाण्डु । एनएमबी बैंकले 'डिजी स्टेशन' सञ्चालनमा ल्याएको छ। बैंकले डिजिटल बैंकिङ प्रवर्द्धन गर्ने उद्देश्यले अत्याधुनिक डिजी स्टेशनको सुरुवात गरेको बताएको छ।

डिजी स्टेशन ग्राहकहरूलाई सहज र सुविधाजनक बैंकिङ अनुभव प्रदान गर्न बनाइएको स्टेशन हो। जसमा नगद डिपोजिट, क्लियरिङ चेक डिपोजिट, चेक स्टप, चेक रिक्विजिसन, ब्यालेन्स सोधपुछ, नगद निकासी, र स्टेटमेन्ट जेनरेट सबै एकै ठाउँबाट स्वचालित प्रणालीमा मानविय सहायता बिना गर्न सकिनेछ।

डिजी स्टेशनको सुरुवातले ग्राहकहरुलाई बैंकले प्रदान गर्ने बैंकिङ सेवा, सुविधामा वृद्धि हुने विश्वास बैंकले लिएको छ। बैंक आफ्ना ग्राहकहरूको परिवर्तनशील बैंकिङ आवश्यकताहरू पूरा गर्न निरन्तर रूपमा लागिरहेको छ आधुनिक प्रविधिक बैंकिङ सुविधाहरू विकास गर्दै उत्कृष्ट सेवा प्रदान गर्न समर्पित छ।

बैंकले प्रथम चरणको डिजी स्टेशनको सुरुवात एनएमबी भवन, बबरमहल शाखामा ४ वटा मेसिन जडान गरी सञ्चालन गरेको छ। क्यास डिपोजिट मेसिनमा ग्राहकले १ लाख रुपैयाँभन्दा कम रकम बैंकको काउन्टर नपुगी आफैं खातामा रकमान्तर गर्न सक्ने र डिपोजिटको रसिद पनि सोहि मेसिनबाट प्राप्त गर्न सक्ने सुविधा रहेको छ।

साथै, चेक डिपोजिट मेसिनमा ग्राहकले चेक स्टपदेखि नयाँ चेकको आवेदन र क्लियारिङ चेक समेत डिपोजिट गर्ने सुविधा रहेको छ। बैंकले हाल देशभरी २०१ शाखा, १४५ एटिएम र १२ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

# वार्षिक रु १३ खर्बको विद्युत् निर्यात भए व्यापार घाटा अन्त्य हुन्छ : गभर्नर अधिकारी

काठमाण्डु । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले वार्षिक रु १३ खर्ब बराबरको विद्युत् निर्यात गर्न सके व्यापार घाटाको अवस्था अन्त्य हुने बताउनुभएको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) का पदाधिकारीसँगको भेटमा गभर्नर अधिकारीले व्यापार घाटा कम गर्नका लागि विद्युत् निर्यात नै उपयुक्त माध्यम भएको बताउनुभयो । मुलुकको व्यापार घाटा घटाउने उपयुक्त माध्यमका रुपमा रहेको जलविद्युत् क्षेत्रको विकासमा नेपाल राष्ट्र बैंकले आवश्यक सहजीकरण गर्ने भएको छ ।

इप्पान अध्यक्ष गणेश कार्कीले बैंक तथा वित्तीय संस्थाले विद्युत् आयोजनामा लगानी गर्न नसकेको भन्दै बैंक तथा वित्तीय संस्थालाई आफ्नो कूल लगानीमा २० प्रतिशत ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिदिन गभर्नर अधिकारीसँग आग्रह गर्नुभएको थियो । जवाफमा गभर्नर अधिकारीले बैंकसँग लगानीको समस्या नरहेको र १० वर्षमा २० हजार मेगावाट उत्पादन गर्दा पनि लगानीको समस्या नहुने बताउनुभयो ।

इप्पानले भने तत्कालै करिब तीन हजार सात सय मेगावाट क्षमताका आयोजना विकास गर्दा आउँदो पाँच वर्षमा झन्डै रु पाँच खर्ब ५५ अर्ब, नेपाल र भारतबीच भएको विद्युत् निर्यातको सम्झौतासमेत जोड्ने हो भने १० वर्षमा झन्डै



रु २० खर्ब ५५ अर्ब र ऊर्जा दशकको घोषणाअनुसार २५ हजार मेगावाट थप उत्पादन गर्ने भएमा रु ३७ खर्ब ५० अर्बभन्दा बढी लगानीको आवश्यकता पर्ने बताएको छ ।

राष्ट्र बैंकले दुई सय मेगावाटभन्दा ठूला आयोजनालाई आधार दरमा एक प्रतिशतमात्र थप गरी कर्जा प्रवाह गर्ने व्यवस्था गरिरहेकोले उक्त व्यवस्था सबै जलविद्युत् आयोजनामा कार्यान्वयन गरिदिन इप्पानले आग्रह गरेको छ ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशनअनुसार निर्माणाधीन अवस्थाको ब्याज आम्दानीलाई लाभांश बाँड्न नमिल्ने र 'मोराटोरियम पिरियड' थप गर्दाको अवस्थामा कर्जा पुनःसंरचना र पुनःतालिकरण भएको मानी १२ दशमलव पाँच प्रतिशतको कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने भएकाले बैंक तथा वित्तीय क्षेत्र यस क्षेत्रमा थप लगानी गर्न हतोत्साहित भएको इप्पानको भनाइ छ ।

यसमा निर्माणाधीन अवस्थाको ब्याज आम्दानीबाट समेत लाभांश बाँड्न पाउने यसअघिकै व्यवस्थालाई निरन्तरता दिन इप्पानले माग गरेको छ । नेपाली बैंक वित्तीय संस्थाले ऊर्जामा लगानी गरेको रकमको ब्याज अत्यधिक महँगो भएको भन्दै नेपाल सरकारको जमानतमा अन्तर्राष्ट्रिय बजारबाट नविनतम् वित्तीय उपकरणहरु जस्तैः सोभरियन बन्ड वा ग्रीन बन्ड वा जलवायु बन्डको माध्यमबाट वित्तीय स्रोतको जोहो गरी नेपाल राष्ट्र बैंकमार्फत स्वच्छ ऊर्जाको क्षेत्रमा पुनःकर्जाको व्यवस्था गरिदिन पनि इप्पानले अनुरोध गरेको थियो । जवाफमा गभर्नर अधिकारीले बन्डको विषय अर्थ मन्त्रालयको भएको तर राष्ट्र बैंकले त्यसमा सहजीकरण गर्न तयार नै रहेको बताउनुभयो ।

दस वर्षमा २५ हजार मेगावाट विद्युत् उत्पादन र १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने राष्ट्रिय चाहनालाई पूरा गर्न बैंक तथा वित्तीय संस्थाले पुँजीका रुपमा समेत लगानी गर्न सक्ने र अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि आवश्यक हेजिङ, लगानी तथा लाभांश र लगानी फिर्तासम्बन्धी नीति नियम सहज, छिटो र पारदर्शी बनाइदिन पनि इप्पानले गभर्नर अधिकारीसँग अनुरोध गरेको छ ।

त्यस्तै इप्पानले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिकामा जलविद्युत् आयोजनाको जोखिम भार एक सय प्रतिशत कायम गरिएकामा यसलाई घटाएर सञ्चालनमा रहेका आयोजनाको हकमा ५० प्रतिशत र निर्माणाधीन आयोजनाको हकमा ७५ प्रतिशत कायम गरिदिन पनि आग्रह गरेको छ।

बाढी पहिरोबाट क्षतिग्रस्त जलविद्युत् आयोजना पुनःनिर्माण तथा निर्माण सम्पन्न गर्न र यी आयोजनाहरु रुग्ण हुनबाट बचाउन ब्याज अनुदान र पुनरकर्जा, ब्याज पुँजीकरण, कर्जा पुनःसंरचना तथा मोराटोरियम पिरियड थप गर्नेलगायतका आवश्यक नीतिगत व्यवस्था गरिदिन पनि इप्पानले गभर्नर अधिकारीसँग आग्रह गरेको छ।

भेटमा राष्ट्र बैंकका गभर्नर अधिकारीसँगै डेपुटी गभर्नर बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरु डा गुणाकर भट्ट र देवकुमार ढकाललगायत सहभागी हुनुहुन्थ्यो । इप्पानका तर्फबाट अध्यक्ष कार्कीसँगै वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी, पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईं, उपाध्यक्ष रामप्रसाद आचार्य र उत्तम भ्लोन लामा, महासचिव बलराम खतिवडा, सदस्य सुसन कर्माचार्य र कुवेरमणि नेपाल सहभागी हुनुहुन्थ्यो । रासस



ऋषि पञ्चमीका दिन पूजाको पुष्प स्थानीय खोलामा सेलाउँदै भक्तजन। *तस्बिरः टुडे*

# जिल्ला शिक्षा अधिकारी र शिक्षिकाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको रामजानकी प्राथमिक विद्यालयकी शिक्षिका निलम कुमारी यादव र धनुषाका तत्कालीन जिल्ला शिक्षा अधिकारी उपेन्द्र मण्डलविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।




मण्डलले नक्कली नियुक्तिपत्र बनाएर यादवलाई विद्यालयमा पदस्थापन गरेको पुष्टि भएको जनाउँदै अख्तियारले मंगलबार उनीहरूविरुद्ध विशेष अदालत काठमाण्डुमा मुद्दा दायर गरेको छ।

अनुसन्धानका क्रममा यादवले भानु उच्च माध्यामिक विद्यालयको शिक्षक पदको नक्कली नियुक्ति पत्र बनाइ सोही नक्कली नियुक्तिपत्रको आधारमा राम जानकी प्राथमिक विद्यालय, कटरैतमा पदस्थापना भइ सुविधा लिएको अख्तियारले जनाएको छ।

साबिक जिल्ला शिक्षा कार्यालय धनुषाका तत्कालीन जिल्ला शिक्षा अधिकारी उपेन्द्र मण्डलले यादवको शिक्षक पदको नक्कली नियुक्तिपत्र बनाउन सघाएको अख्तियारको भनाइ छ। नियुक्ति नै नभएको र अभिलेखीकरण नै नभएकी यादवलाई स्थायी शिक्षकको पदस्थापना गर्ने क्रममा कनिष्ठताको आधारमा भानु उच्च माध्यमिक विद्यालयबाट विस्थापित गर्ने एवं लगत्तै राम जानकी प्राथमिक विद्यालयमा पदस्थापना गर्ने कार्य मण्डलले गरेको ठहर अख्तियारको छ।

त्यस्तै, नापी कार्यालय लाहानमा कार्यरत अमिन (कर ार) दीपरन्जन यादवविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जग्गाधनी पुर्जा बनाउने क्रममा सेवाग्राहीसँग १० हजार घुस लिइसकेको अवस्थामा यादवलाई गत भदौ ६ गते नियन्त्रणमा लिएको थियो । सेवाग्राहीसँग घुस माग गरेको भन्ने सूचना एवम् उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिइ गएको टोलीले यादवलाई नियन्त्रणमा लिएको थियो । अख्तियारका प्रवक्ता भोला दाहालले यादवले सेवाग्राहीसँग घुस लिइ भ्रष्टाचार निवारण एने अन्तर्गत कसुर गरेको पुष्टि भएको जानकारी दिए।

उनका अनुसार बिगो १० हजार कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ को देहाय (क) बमोजिम कैद सजाय गरी सोही एनेको दफा ३ को उपदफा १ अनुसार बिगो बमोजिम जरिवानाको सजाय हुन मागदाबी लिइ मंगलबार विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ।

# सार्वजनिक पोखरी बचाउन पिडारीबासी आन्दोलित

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-१३ स्थित पिडारीमा रहेको एक सार्वजनिक पोखरी आफ्नो रहेको भन्दै एक व्यक्तिले कब्जा गर्न खोजेपछि स्थानीयबासी आन्दोलित भएका छन्।



सार्वजनिक महत्वको पोखरीलाई भूमाफियाहरुले कब्जा गर्न लागेको भन्दै स्थानीयबासी र सो क्षेत्रका प्रदेश सांसद शेषनारायण यादव र सो वडाका वडाध्यक्ष जीतबहादुरसहितले अग्रसरता देखाएका छन् । मंगलवार सो पोखरीको डिलमा पत्रकार सम्मेलन तथा सार्वजनिक सुनवाई नै गरेर उनीहरुले त्यसको विरोध गरेका छन्।

कार्यक्रममा प्रदेश सांसद यादवले भने, पोखरीको कित्ताकाट हुँदैन तर भूमाफियाहरुले पोखरीको प हटाएर खरी देखाएर सार्वजनिक पोखरी आफ्नो नाममा नामसारी गराएका छन् । त्यसकारण सार्वजनिक महत्वको पोखरी कुनै पनि हालतमा भूमाफियालाई कब्जा गर्न दिदैनौ।'

यस अघि जनकपुरधाम उपमहानगरपालिका वडा नं १३ का वडाकार्यालयले पनि उक्त पोखरीलाई सार्वजनिक पोखरी भन्दै सिफारिस गरेको थियो। १६ कठा ६ धुर भन्दा बढी क्षेत्रफल भएको उक्त पोखरीको बीचमा अहिले पनि पुरानो जाटका साथै ६ फिटसम्म पानी भएपनि भूमाफियाले माटोले पुरिन थालेको सुईको पाएपछि वडा कार्यालयले त्यसमा रोक लगाएका थिए।

स्थानीय समाजसेवी तथा स्थानीयबासी रामअशिष दासले जनकपुरधामको भगवान साहको सन्तान नभएको कारणले सार्वजनिक काममा प्रयोग हुने गरी दुई वटा पोखरी तथा एउटा ईनार खनाए पनि त्यसमध्ये एउटा पोखरी र ईनार लोप बनाउने काम भएको भए पनि बाँकी रहेको भगवाना पोखरीलाई व्यक्तिले निजी बनाएको थाहा पाएपछि स्थानीयबासीहरु आन्दोलित भएको जानकारी दिए।

दाता भगवान साहको कोही नभए पनि टाढाको नातामा पर्ने अपुताली खाने बुटन देवीले आफ्नो निजी बनाएका थिए। त्यति खेर पोखरीको पो हटाएर खरी बनाइ निजी बनाउने काम भएको बताउँदै समाजसेवी दासले यसमा तत्कालीन अवस्थामा कर्मचारीको मिलेमतो देखिएको छ। २०२६ सालको फिल्ड बुकमा रहेको सार्वजनिक पोखरीलाई केरकार गरेर २०२८ सालमा व्यक्तिको नाउँ राख्ने काम भएको उनले बताए।

अहिले उक्त पोखरीलाई वुटन देवीबाट महावीर सिंहले खरिद गरेर दिलीप साहलाई बिक्री गर्ने काम भएको समाजसेवी दासले बताए।

दिलीप साहले पोखरीलाई १६ कित्तामा कित्ताकाट गराइ बिक्री गरेको स्थानीयबासीहरुको आरोप छ।

# गाडीको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**टुडे समाचारदाता**

बारा । बारामा पिकअप गाडीको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ।

ि ज त प ु र ि स म र ा उपमहानगरपालिका वडा नं. १६ स्थित बाह्र किलो भन्ने ठाउँमा पिकअप गाडीले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको प्रहरीले जनाएको छ।

निजगढबाट पथलैयातर्फ आउँदै गरेको प्र.न.३-०३-००१ प ००३९ नम्बरको मोटरसाइकललाई वीरगञ्जबाट विराटनगर जाँदै गरेको प्र.न.-३-०१०-२२ च ३१९७ नम्बरको पिकअप गाडीले ठक्कर दिएको थियो। दुर्घटनामा मोटरसाइकल चालक हेटौंडा उपमहानगरपालिका वडा नं.११ का २४ वर्षीय निशान श्रेष्ठको मृत्यु भएको छ।

उनको टाउकोमा गम्भीर चोट लागेको थियो। उपचारका लागि सामुदायिक प्रसूति अस्पताल निजगढ लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा उक्त मोटरसाइकलमा सवार २१ वर्षीय मिलन बरुवालको बायाँ हात र ढाडमा चोट लागेको छ। उनको उपचार भइरहेको छ।

ठक्कर दिने पिकअप गाडीका चालक काभ्रेको नमोबुद्ध नगरपालिका वडा नं. २ बस्ने २३ वर्षीय सुरेश भुजेललाई प्रहरीले नियन्त्रणमा लिएको बारा प्रहरी प्रबक्ता प्रहरी नायब उपरिक्षक दधिराम न्यौपानेले जानकारी दिए।

# राष्ट्रपति पौडेलको जनकपुरधाम भ्रमणवारे सर्वपक्षीय भेला

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रपति रामचन्द्र पौडेलको जनकपुरधाम भ्रमणवारे मंगलबार जनकपुरधाममा सर्वपक्षीय बैठक सम्पन्न भएको छ।



जनकपुरधामउप-महानगरपालिकाका मेयर मनोजकुमार साहको अध्यक्षतामा सम्पन्न सो भेलाबाट राष्ट्रपति पौडेलको जनकपुरधाम भेलालाई सफल तुल्याउने विषयमा छलफल भएको थियो।

बैठक सम्पन्न पछि नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले सञ्चारकर्मीहरु संग संक्षिप्त कुराकानी गरी राष्ट्रपति पौडेलको भ्रमणबारे जानकारी दिएका थिए। उनले राष्ट्रपति पौडेल असोज ८ गते जनकपुरधाम आउने र जानकी मन्दिरमा पूजापाठ गरी प्रदेश प्रमुख हरिशंकर मिश्रको निवासमा नास्ता पछि राष्ट्र बैंकको गेष्ट हाउसमा खाना र आराम गर्ने कार्यक्रम रहेको जानकारी दिए।

त्यसपछि महेन्द्र नारायण निधि मिथिला भवनको उद्घाटन गर्ने र सोही ठाउँमा नागरिक अभिनन्दन गर्ने कार्यक्रम रहेको नेता निधिले जानकारी दिए।

उनले राष्ट्रपति पौडेलको नेपाली राजनीतिमा ठूलो योगदान रहेको बताउँदै अनागरिक सरह आफ्नै देशमा बसोबास गर्दै आइरहेका लाखौं नागरिकलाई नागरिकता विधेयक प्रमाणीकरण गरी गुण लगाएको बताए।

मधेशका लागि उनले खेलेको भूमिका मधेशका जनताले भुल्न नसक्ने बताउँदै नेता निधिले उनलाई स्वागत गर्न जनकपुरधाम र मधेशका नागरिक उत्सुक रहेको बताए।

सो अवसरमा धनुषा निर्वाचन क्षेत्र नम्वर ३ की सांसद जुलीकुमारी महतो, नेपाली कांग्रेसका नेताहरु आनन्द ढुङ्गाना, रामकृष्ण यादव, मधेश प्रदेशका भौतिक पूर्वाधार तथा विकास मन्त्री कृष्णा यादव लगायत अन्य पार्टीका नेताहरुको समेत सहभागिता रहेको थियो।

# जलाशयको सफाइ

**टुडे समाचारदाता**

राजविराज । धार्मिक एंव साँस्कृतिक स्थलको रुपमा परिचित राजविराजको ऐतिहासिक भगवती मन्दिर पोखरीको सरसफाइ थालिएको छ।



विभिन्न मन्दिरहरु निकट अवस्थित उक्त धार्मिक महत्वको पोखरी आवश्यक सरसफाइको अभावमा पूजाविधि गर्न भक्तजनलाई हुँदै गरेको समस्यालाई दृष्टिगत गर्दै राजविराज नगरपालिकाको अगुवाइमा मंगलबारदेखि सरसफाइ अभियान थालिएको छ।

नगरको मुख्य बजार क्षेत्रको बीचमा अवस्थित उक्त पोखरीमा छठ पर्व लगायत विभिन्न धार्मिक कार्यक्रमको अवसरमा पूजाविधि हुने गरेको छ । नगरपालिकाको सरसफाइ अभियानमा यहाँ स्थित नेपाली सेनाको बरख गण, सशस्त्र र नेपाल प्रहरीले समेत सघाएका छन्।

सेना र समुदायबीचको आपसी सदभावलाई अझै प्रगाढ बनाउन समुदायको हितमा गरिएको आग्रहलाई सहर्ष स्वीकार गर्दै सेनाको टोली सरसफाइमा खटिएको नेपाली सेना बरख गणका कर्नेल रमेश पाण्डेले बताए।

"बाक्लो मानव बस्तीको बीचमा रहेको उक्त पोखरी सरसफाइको अभावमा दुर्गन्धित थियो, सरसफाइ अभियानमा नेपाल प्रहरी टोलीको नेतृत्व गर्दै सहभागिता जनाएका प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीले भने-झारपातले ढाकेर त झन पोखरीलाई कुरुप बनाएको थियो।"

उनले संविधान दिवसको पूर्वसन्ध्यामा आयोजित सरसफाइ कार्यक्रमलाई अन्य बेला पनि निरन्तरता दिनु पर्ने सुझाव समेत दिए।

राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले नजिकिएको दशैं, तिहार तथा छठ पर्वलाई समेत लक्षित गरी यो अभियान थालिएको बताइन। यस पटक पूर्ण सफाइ तथा ऐतिहासिक पोखरीलाई नयाँ स्वरुप दिने लक्ष्यका साथ अभियान थालिएको उनको भनाइ छ । सरसफाइ अभियानमा प्रमुख जिल्ला अधिकारी किरण थापा, नागरिक संजाल सप्तरीका अध्यक्ष थानसिह भन्साली, सशस्त्र प्रहरीका डिएसपी मोहन विष्ट, राजविराज नगरपालिकाका निलम्बित मेयर भिमराज यादव, नगरपालिका स्वास्थ्य शाखा प्रमुख निरंजन यादव, समाजिक विकास अधिकृत मनोज यादव लगायतको सहभागिता रहेको थियो।

उक्त पोखरीको पूर्ण सरसफाई तथा सौन्दर्यको काम सम्पन्न गर्न सकिए राजविराज नगरपालिकाको मुख्य बस्तीका हजारौं जनता लाभान्वित हुने विश्वास गरिएको छ।

# हात्ती घोडासहित शोभा यात्रा

**टुडे समाचारदाता**

बारा। बाराको जीतपुरमा श्री सिद्धिबिनायक गणेश चतुर्थी पूजा महोत्सव सुरु भएको छ।



पूजा समितिका अध्यक्ष श्रीराम साह कानुले गणेश चतुर्थी पूजा एक हप्ता सम्म चल्ने जानकारी दिए। गत साल २ सय ६१ किलोको लड्डु बनाइएको थियो भने यस वर्ष २ सय ७१ किलोको लड्डु पूजा स्थलमा बनाइएको अध्यक्ष कानुले बताए।

पूजा अवधिभरि करिब ७ लाख रुपैयासम्म खर्च लाग्ने अनुमान गरिएको छ। पुजाको पहिलो दिन हात्ती,घोडा सहित शोभा यात्रा निकालिएको थियो। गणेश चतुर्थी पूजामा असोज ४ र ६ गते विशेष झाँकी रहने समितिले जनाएको छ।

# विद्यालय बन्द गरे कारबाही गर्ने मेयरको चेतावनी

**टुडे समाचारदाता**

रौतहट । बौधिमाई नगरपालिकाका मेयर प्रदीप कुमार यादवले कुनै पनि बहानामा नगरभित्रका सामुदायिक विद्यालय बन्द गरेमा कारबाही गर्ने चेतावनी दिएका छन् । मेयर यादवले मंगलबार एक विज्ञप्ति जारी गर्दै उक्त चेतावनी दिएका छन्।




बौधिमाई नगर शिक्षा समितिको मंगलबार बसेको बैठकले शैक्षिक क्यालेन्डर अनुसार नियमित रूपमा विद्यालय कक्षा सञ्चालन गराउन निर्णय गरेको छ। नगर क्षेत्र भित्रको सम्पूर्ण विद्यालयमा पठनपाठनमा बाधा अवरोध नगर्न समेत नगर शिक्षा समितिको बैठकले निर्णय गरेको छ। पठनपाठन सम्बन्धी अनुचित कार्य भए/गरेमा नियमानुसार कारबाही गर्ने मेयर प्रदीप कुमार यादव द्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ।

उता नेपाल शिक्षक संघ रौतहटसहित नौ घटकले एक विज्ञप्ति निकालेर बुधबार सम्पूर्ण विद्यालयमा शैक्षिक हडताल गरी शिक्षकलाई काठमाण्डु केन्द्रित आन्दोलनमा सहभागी हुन आह्वान गरेको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८